का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ असोज २०८०,
आइतबार
15 October 2023,
Sunday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६२ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# सत्ताका लागि सम्झौता




संघीय सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्र र कांग्रेसको संस्थापन पक्ष कांग्रेसकै विद्रोही सांसद कार्कीलाई कोशीमा मुख्यमन्त्री मान्न तयार हुनुको कारण सत्ता हो । यसको पुष्ट्याइँ स्वयम प्रधानमन्त्री प्रचण्डले गरेका छन् ।



मुख्यमन्त्री केदार कार्कीलाई विश्वासको मत दिने कुरा भइहाल्यो । त्यसकारण कोशी प्रदेशमा गठबन्धनकै सरकार बन्छ ।

■ **प्रचण्ड**
**प्रधानमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ असोज

कोशी प्रदेश सरकार निर्माणमा सन्दर्भमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले कांग्रेस नेता शेखर कोइरालासँग लिखित सहमति गरेका छन् । सत्तारूढ गठबन्धनको निर्णयविपरीत कोशी प्रदेशमा नेकपा एमालेको सहयोगमा सरकार बनाउन पुगेका कांग्रेस नेता कोइरालासँग सबैजना सत्ता गठबन्धनप्रति दृष्ढ र स्पष्ट रहेको भनेर सहमति गरेका हुन् ।

शनिबार बिहान भएको सहमतिमा सत्ता गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन नदिने भनिएको छ । तीन नेताबीचको सहमतिपछि कोशी प्रदेशको मुख्यमन्त्रीमा कांग्रेस सांसद केदार काकी नियुक्त भएका छन् । प्रदेश प्रमुख पर्शुराम खापुङले उनलाई समर्थन गर्ने एमालेका ३९ र कांग्रेसका ८ सांसदको हस्ताक्षर सनाखत गरेपछि शनिबार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्रीका लागि गठबन्धनको तर्फबाट माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले पनि दाबी पेस गरेका थिए । उनले आफ्नो दाबी कमजोर रहेको र शीर्ष नेताबिच छलफल जारी रहेको हुँदा सनाखत तत्काल नगराउने भनेर अन्तिम समयमा फिर्ता लिएका थिए ।

संविधानको धारा १६८ को ५ अनुसार कार्की मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । यसअघि असोज २० गते मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत नपुग्ने भएपछि राजीनामा दिएका थिए ।

अब नवनियुक्त मुख्यमन्त्री कार्कीले सरकार निर्माण कस्तो गर्ने भन्ने सन्दर्भमा प्रश्न छ । एमालेलाई सरकारमा लिएर जान नदिन शीर्ष नेताहरुले संघीय सत्ता गठबन्धनप्रति दृढ रहेको भनी लिखित सहमति गरेका छन् । एमाले बेगरको सरकार बनाउन कार्कीको पक्षमा सनाखत गर्न अन्य दलका सांसद पुगेका छैनन् ।

संघीय सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्र र »» पृष्ठ २ मा

# निलम्बनमा मनाङ एयर

*पछिल्ला तीन महिनामा मनाङ एयरका दुई वटा हेलिकप्टर दुर्घटनामा परे । दुवै दुर्घटना सोलुखुम्बुमा भएका हुन् । गत असार २६ गते मनाङ एयरको हेलिकप्टर दुर्घटना हुँदा चालक दलका एक सदस्यसहित ६ जनाको मृत्यु भएको थियो ।*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ असोज




मनाङ एयर निलम्बनमा परेको छ । पछिल्लो तीन महिनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटना भएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त कम्पनीको एओसी (एयर अपरेटर सर्टिफिकेट) निलम्बन गरेको हो ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार मनाङ एयरले उडान सुरक्षामा ध्यान नदिएकाले तीन महिनाका लागि उसको एओसी निलम्बन गरिएको हो । तीन महिनाको अवधिमा दुईवटा हेलिकप्टर दुर्घटना भएपछि उक्त कम्पनीको एओसी निलम्बन गरिएको हो । उनका अनुसार मनाङ एयरको सेवा सञ्चालन प्रमाणपत्र निलम्बन भएको छ । तीन महिनामा दुईवटा हेलिकप्टर दुर्घटना भएकाले अब उक्त कम्पनीसँग हेलिकप्टर पनि छैनन् । प्राधिकरणले मनाङ एयरको वस्तुस्थितिका समीक्षा गरेपछि कम्पनी खारेज गर्ने वा निलम्बन फुकुवा गर्ने भन्ने निर्णय लिनेछ ।

प्राधिकरणका अनुसार निलम्बनमा परेको मनाङ एयरले तत्काल हेलिकप्टर ल्याए पनि उडाउन अनुमति पाउने छैन । दुर्घटनाको विस्तृत अध्ययनका लागि प्राधिकरणको प्राविधिक टोली आइतबार हेलिकप्टर दुर्घटना भएको क्षेत्रमा जानेछ ।



तीन महिनामा दुई वटा हेलिकप्टर दुर्घटना भएकाले अब मनाङ एयरसँग हेलिकप्टर छैनन् । तत्काल हेलिकप्टर ल्याए पनि उडाउन अनुमति पाउने छैन । मनाङ एयरको वस्तुस्थितिको समीक्षा गरेपछि मात्रै कम्पनी खारेज गर्ने वा निलम्बन फुकुवा गर्ने निर्णय हुन्छ ।

■ **ज्ञानेन्द्र भुल**
***सूचना अधिकारी***
***नागरिक उड्डयन प्राधिकरण***

सोलुखुम्बुको लुक्लाबाट लोबुचे उडेको मनाङ एयरको एन-एनजे कलसाइन हेलिकप्टर खुम्बुपासाङल्हामु गाउँपालिका-४ लोबुचेमा दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका पाइलट प्रकाशकुमार सेढाइँको उद्धार भएको छर उनको काठमाडौंको ह्याम्स अस्पतालमा उपचार भइरहेको छ ।

प्राधिकरणको हवाई सुरक्षा प्रतिवेदन एभिएसन सेफ्टी रिपोर्ट-२०२३ अनुसार हालसम्म नेपालमा विभिन्न कम्पनीका ३९ वटा हेलिकप्टर »» पृष्ठ २ मा

# क्षेत्राधिकार बढाउन खोज्दै अख्तियार

संसदमा विचाराधीन विधेयकमाथिको छलफललाई कन्भिन्स गरेर क्षेत्राधिकार बढाउने प्रयास अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरुको छ । जो पटक पटकका छलफलमा प्रष्ट प्रकट हुने गरेको छ ।



नीतिगत निर्णयको परिभाषा गर्दै निश्चित नीतिगत निर्णय, अनुचित कार्य र सरकारी कोषबाट अनुदान प्राप्त गर्ने निजी क्षेत्रलाई अख्तियारले अनुसन्धान गर्न पाउनुपर्छ ।

■ **प्रेमकुमार राई**
**प्रमुख आयुक्त**
**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ असोज

राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभामा पेश भएको अख्तियार र भ्रष्टारसम्बन्धी दुई वटा विधेयक विधेयकमा निजी क्षेत्रको भ्रष्टाचार समेत हेर्न पाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार बढाउने प्रस्ताव छ । यसको पक्ष र विपक्षमा बहस भइरहेका बेला संसदीय समितिका छलफलको सुरुवात भएको छ ।

संसदमा बिचाराधीन विधेयकमाथिको छलफललाई कन्भिन्स गरेर क्षेत्राधिकार बढाउने प्रयास अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरुको छ । जो पटक पटकका छलफलमा प्रष्ट प्रकट हुने गरेको छ ।

संघीय सरकारको मन्त्रिपरिषद नीतिगत निर्णयमाथि छानबिन गर्न नपाउने अख्तियारको प्रचलित क्षेत्राधिकारलाई प्रदेश तहमा समेत विस्तार गर्न खोजिएको छ । विधेयक जस्ताको तस्तै पारित भए अख्तियारले संघीय मात्रै होइन, प्रदेश सरकारका मन्त्रिपरिषदका निर्णयहरुमा समेत छानबिन गर्न पाउने छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा ४ मा अख्तियारको क्षेत्राधिकार र त्यसको सीमितता सम्बन्धी व्यवस्था छ । अहिले संशोधन गर्न खोजिएको दफा ४(ख) मा संघीयका साथसाथै प्रदेश मन्त्रिपरिषद र त्यसका समितिका निर्णयहरु समेत अख्तियारले छानबिन गर्न पाउने छैन ।

राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधिसभामा पेश भएको विधेयकमा भनिएको छ, 'नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय आयोगबाट यस ऐन अन्तर्गत अनुसन्धान, तहकिकात या अन्य कुनै कारवाही हुने छैन ।'

यसलाई अख्तियारको क्षेत्राधिकारभित्र ल्याउनुपर्ने आयोगका »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायलको सुरक्षित ठाउँमा सर्न दूतावासको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज

इजरायलस्थित नेपाली दूतावासले उक्त मुलुकको उत्तरी र दक्षिणी क्षेत्रमा रहेका नेपालीहरूलाई असुरक्षाको अनुभूति भए तत्कालै छोडेर हिँड्न आग्रह गरेको छ । इजरायल सरकारले दक्षिणी तथा उत्तरी सीमा क्षेत्रमा जोखिम थप बढेको भन्दै आफ्ना नागरिकलाई ती क्षेत्रबाट सुरक्षित क्षेत्रमा जान सुझाएपछि नेपाली दूतावासले पनि ती क्षेत्रमा कार्यरत नेपालीहरूलाई अन्यत्र जान अत्यन्त जरुरी सूचनामार्फत आग्रह गरेको हो ।

इजरालयको तेल अविवस्थित नेपाली दूतावासले भनेको छ, 'तपाईं रहेको क्षेत्रमा समेत असुरक्षा बढ्दै गएको स्थिति छ भने आफ्नो रोजगारदातासँग सल्लाह गरी त्यहाँबाट बढी सुरक्षित स्थानतर्फ सर्नुहोला ।'

दूतावासले स्थिति सामान्य नबन्दासम्म घरबाहिर ननिस्कन र सुरक्षित स्थानमा रहन, स्वदेश फर्कन चाहने निश्चित रोजगारदाता नभएका नेपाली नागरिकहरुले पनि दूतावासबाट शुरु गरिएको अनलाइन रजिष्ट्रेशन फारम अनिवार्यरुपमा भर्न आग्रह गरेको छ ।

त्यसैगरी दूतावासले सुरक्षित आश्रयस्थल नभएकाहरुले दूतावासमा जानकारी गराउन, नेपाल सरकारका साथै इजरायल सरकार र विभिन्न आधिकारिक निकायका सूचना एवम् स्थानीय सुरक्षा प्रोटोकलहरुको पालना गर्दै दूतावासको सम्पर्कमा रहन पनि आग्रह गरेको छ ।

दूतावासले हाल कामको चाप अत्यन्तै धेरै रहेको तथा एकैपटक कैयौं फोन तथा मेसेजहरु आइरहने भएकाले एकै प्रयासमा फोन सम्पर्क नहुने भएकाले निरन्तर सम्पर्क गर्न पनि आग्रह गरेको छ ।

इजरायलले गाजामा स्थल आक्रमण गर्ने तयारी गरिरहेको छ । गत हप्ता हमासका लडाकुहरूले अप्रत्याशितरूपमा इजरायलमा आक्रमण गरेपछि हालसम्म दुवैतर्फ गरी करिब ३ हजारको मृत्यु भएको छ । त्यसमा २४ देशका नागरिक पनि मारिएका छन् । जसमध्ये शनिबारसम्म सबभन्दा बढी अमेरिकी २७ जनाको मृत्यु »» पृष्ठ २ मा

# बडा दशैं शुरु आज घटस्थापना



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज

बडा दशैं आजबाट शुरु भएको छ । आज पहिलो दिन घटस्थापना हो । प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास र धूमधामका साथ बडादशैं मनाइन्छ । बडादशैंको पहिलो दिन आज घर-घरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक समितिका अनुसार घटस्थापनाको »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

२८ असोज २०८०, आइतबार
15 October 2023, Sunday

# क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी

**दीपेन्द्र लुइटेल/मध्यान्ह**
भोजपुर, २७ असोज



भोजपुर बहुमुखी क्याम्पसमा प्राध्यापक र कर्मचारीहरुले क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका छन् ।

तलव नपाएको भन्दै प्रजातन्त्रवादी प्राध्यापक संघ र नेपाल राष्ट्रिय प्राध्यापक संगठनले क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका हुन् ।

प्रजातन्त्रवादी प्राध्यापक संघका सभापति वेनुबहादुर कार्की र नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय सदस्य डा.पर्वत कुमार राईद्वारा हस्ताक्षर गरिएको विज्ञप्तिमा असोज २३ गते क्याम्पस प्रमुखलाई विज्ञप्ति बुझाए पनि प्रमुखले पूर्ण रुपमा माग सम्बोधन गर्न र संवाद गर्न समेत उदासिनता देखाएका कारण दोस्रो चरणको आन्दोलन गर्न बाध्य भएको उल्लेख गरिएको छ । संघ र संगठनले राखेका माग पूरा गरिसकेको भ्रमपूर्ण हल्ला फिजाई पुनः भ्रम सृजना गर्ने प्रयास गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यता क्याम्पस प्रमुख भुलानाथ राईका अनुसार कार्यकक्षमा लगाएको ताला प्रहरी प्रशासनको सहयोगमा तोडिएको छ । क्याम्पसको दैनिक रुपमा गर्नुपर्ने प्रशासनिक काम गर्न र परीक्षा सञ्चालन गर्न ताला तोडेर प्रशासनिक काम गरिएको क्याम्पस प्रमुख भुलनाथ राईले बताए । प्रमुख राईले अनुसार प्राध्यापक र कर्मचारीको बाँकी रहेको तलव भत्ता त्रिवि केन्द्रीय कार्यालयले नपठाएका कारण दिन नसकिएको बताए ।

चार महिनादेखिको तलव सुविधा नपाएको भन्दै प्राध्यापक संगठनले असोज २५ गतेभित्र उपलब्ध गराउन क्याम्पस प्रशासनलाई अल्टिमेटम समेत दिएका थिए ।

संगठनका केन्द्रीय सदस्य डा.पर्वत कुमार राई र संघका सभापति बेनुबहादुर कार्कीले संयुक्त विज्ञप्ति जारी गर्दै तोकिएको पारिश्रमिक मासिकरुपमा प्राप्त गर्ने र आफ्नो जिम्मेवारी पूरा गर्ने दायित्व प्राध्यापक र कर्मचारीको हुने उल्लेख गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'श्रावण महिनादेखि असोज महिनासम्म र दशै तिहार पर्व मान्नका लागि विश्वविद्यालयले उपलब्ध गराउने पर्व खर्च समेत गरी चार महिनाको तलव भत्ता अहिलेसम्म उपलब्ध नगराउने क्याम्पस प्रमुखको कार्यप्रति संगठनहरुको गम्भीर ध्यानाकर्षण भएको छ ।'

यता क्याम्पसका स्ववियु अध्यक्ष निसान राईले भने, 'परीक्षाजस्तो संवेदनशिल विषय जहाँ विद्यार्थीहरुको एक वर्षको शैक्षिक शिक्षण मेहनत संघर्षको परीक्षण हुन्छ । त्यस्तो विषयमा आन्दोलनमा रहेका सम्बन्धित प्राध्यापक संघ, संगठन गैरजिम्मेवार भएको प्रष्ट बुझ्न सकिन्छ ।'

विद्यार्थीको भविष्यप्रति खेलवाड गर्न नमिल्ने भन्ने धारणा अनुरुप प्रशासनको समन्वयमा प्रहरी कार्यलयको रोहवरमा ताला तोडि नियमितरुपमा १२ बजेबाट शुरु हुने परीक्षा तालाबन्दीको कारण प्रभावित हुन पुगेको थियो । जुन परीक्षा नियमित समय भन्दा आदि घण्टा ढिलो सञ्चालन हुन गएको थियो ।

## मुचुल्का उठाएर तोडियो ताला

क्याम्पस प्रशासनले भने क्याम्पस प्रमुखको कार्यकक्षमा नै परीक्षाको प्रश्न पत्र सुरक्षित राखिएकाले तालाका कारण निकाल्न समस्या भएको भन्दै प्रहरीको सहयोगमा ताला तोडेको थियो । ताला लगाउनभन्दा पहिला नै प्रश्न पत्र निकाल्न आग्रह गरिएको भएपनि त्यसलाई क्याम्पस प्रशासनले बेवास्ता गरेको आन्दोलनरत प्रजातन्त्रवादी प्राध्यापक संघका इकाई सभापति बेनुबहादुर कार्कीले बताए ।

उनले भने, 'हामीले ताला लगाउनु अगाडि निकाल्न आग्रह गरेका थियौं, तरपछि तोडेर निकालिएछ ।'

क्याम्पस प्रमुख र प्रहरीले प्रश्नपत्र झिक्न तोडिएको ताला उक्त प्रश्नपत्र निकालेपछि फेरिलगाइएको हो । प्राध्यापक र कर्मचारीहरुको तलवको विषयमा राखेको माग पूर्णरुपमा सम्बोधन नभएसम्म ताला नखोलिने नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय सदस्य डा.पर्वत कुमार राईले बताए ।

पहिलो चरणमा असोज २५ गतेभित्र तलव सुविधा उपलब्ध गराउन माग गरेका प्रजातन्त्रवादी प्राध्यापक संघ र नेपाल राष्ट्रिय प्राध्यापक संगठनले सो समयमा पनि माग सुनवाई नभएको भन्दै दोस्रो चरणको कार्यक्रम शुरु गरेको हो । संघका अध्यक्ष कार्की र संगठनका केन्द्रीय सदस्य राईले संयुक्त विज्ञप्ति जारी गर्दे कार्यकक्षमा तालावन्दी गरेको जनाएका थिए । क्याम्पस प्रशासनले भने त्रिभुवन विश्व विद्यालयबाट नै निकासा नगरिएका कारण तलव खुवाउन समस्या भएको बताउँदै संगठनहरुले लगाएको आरोप गलत भएको दावी गर्दै आएको छ ।

# गणतन्त्रमा गल्ती गर्ने छुट कसैलाई छैन : मन्त्री शर्मा




**दाङ/मस**-सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले अहिलेको गणतान्त्रिक शासन व्यवस्थामा गल्ती गर्ने छुट कसैलाई नभएको बताएकी छन् ।

दाङको तुलसीपुर-१९ मा नेकपा माओवादी केन्द्रले आज आयोजना गरेको अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा उनले पहिले पहिले ठूलाबडा भनिनेहरुले जे गरे पनि छुट हुने तर सामान्य मानिसलाई मात्र कानून लाग्ने अवस्था रहेको भएपनि अहिले त्यो अवस्थाको अन्त्य भएको बताइन् ।

अहिले त्यस्तो व्यवस्थाको अन्त्य भएर देशमा लोकतान्त्रिक गणतन्त्र आइसकेको प्रसंग उल्लेख गर्दै उनले भनिन्, 'अब गल्ती गर्ने कोही पनि कानूनभन्दा माथि हुँदैन, सानाठूला सबैलाई गल्तीअनुसारको कारबाही हुन्छ, यो वास्तविकतालाई वर्तमान सरकारले काम गरेर स्थापित गरिसकेको छ, सरकारको कामबाट यो पुष्टि भएको छ ।'

'कुनै पनि व्यक्तिले गल्ती गर्ने तर त्यसको दोष भने वर्तमान राजनीतिक व्यवस्थालाई लगाउने गरिएको छ यो प्रवृत्ति अत्यन्त गलत हो', मन्त्री शर्माले भनिन्, 'व्यक्तिले गल्ती गर्न सक्छ तर त्यसको दोष व्यवस्थाले लिन सक्दैन, लिनु पनि हुँदैन ।'

उनले हिजो पदमा रहँदा गल्ती गरेका अहिले कानूनी कारबाहीको दायरामा आइसकेका दृष्टान्त पेस आज पदमा रहँदा गल्ती गरे पनि जो कोहीले पनि भोलि त्यसको कारबाही भोग्नुपर्ने उनको तर्क थियो । कानूनी राज्यको यो वास्तविकता वर्तमान सरकारले स्थापित गरेको सबैका सामु छर्लङ्ग नै देखिएको उनले बताए ।

वर्तमान सरकार लोकतन्त्र र गणतन्त्रको रक्षाका लागि दृढ र प्रतिबद्ध रहेको भन्दै मन्त्री शर्माले भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्नका लागि सरकार र जनताबीच तालमेल हुन आवश्यक रहेको बताइन् । उनले सरकारले सेवा प्रभाव र सुशासनलाई प्राथमिकतामा राखेको बताइन् ।

# 'लमजुङमा रास्वपाको घण्टी बजिसक्यो, समय कुर्न मात्र बाँकी छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज



राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुले आगामी २०८४ को निर्वाचनमा लमजुङका सबै तहमा रास्वपाले जित्ने दाबी गरेका छन् ।

लमजुङ-काठमाडौं सम्पर्क समितिले विजयादशमी, शुभदीपावली तथा छठ पर्वको अवसरमा शनिबार आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा रास्वपाका उपसभापतिसमेत रहेका सांसद डोल प्रसाद अर्याललले विगतमा लमजुङ्गेहरुको प्रयासले नै १० हजार मत ल्याउन सफल भएको भन्दै आगामी निर्वाचनमा विजयी गराउन आग्रह गरे ।

अर्याललले राष्ट्रिय स्वतन्त्र पार्टीले सदनमा गरेका छलफल, प्रस्तुतिहरुले यस वर्षको दशैंमा केही न केही बहसको विषय बन्ने विश्वास व्यक्त गरे ।

'आउँदै गरेको चाडबाड, स्वदेश तथा विदेशबाट जम्मा भएका आफन्तसँग हामीले किन राजनीति पार्टी खोलेको हौं । किन युवाहरुलाई अगाडि लगाएका हौं । किन विद्धान साथीहरु खोजेका हौं । यो विषयमा बहस गर्ने बेला भएको छ' उनले भने, 'हामीले आफ्नो विषय र प्रस्तुतले समाज परिवर्तन गर्ने हो । अरुलाई गाली गरेर हुँदैन । हामी रगत र आँसु नझारी यो देश परिवर्तन गर्ने अभियानमा छौं । त्यो प्रयास सफल पार्नका लागि सबैको साथ र सहयोग आवश्यक छ ।'

कार्यक्रममा सांसद शिशिर खनालले लमजुङ अघिल्लो चुनावमा नै १० हजार मत पाएको जिल्ला भएको भन्दै आगामी निर्वाचनामा भारी मतले जनताले जिताउने विश्वास व्यक्त गरे । उपनिर्वाचनमा तनहुँको क्षेत्र नं १ को चुनावमा रास्वपालाई जिताउन लमजुङेहरु पनि लागेको उनले बताए ।

उनले भने, 'भारी मतान्तरसहित उपनिर्वाचनमा तनहुँले जित्यो । लमजुङमा पनि अब पालो हाम्रो नै हो । लमजुङ अब घण्टीको बाहेक कसैको हुन सक्दैन ।' अब नजितिएला होइन कि जितेपछि लमजुङ कस्तो बनाउने भन्नेतर्फ लाग्नुपर्ने उनले बताए ।

सांसद सोविता गौतमले लमजुङमा निर्विकल्परुपमा रास्वपा विजयी हुने विश्वास व्यक्त गरिन् । नेपालमा रास्वपाले आशाको फुल रोपेको भन्दै उनले आफूहरुले प्रयास गरिरहेको बताइन् ।

रास्वपाका लमजुङ संयोजक धर्म केसीले राजनीति अभियानका क्रममा पार्टीसँग जोडिएर अथवा शुभेच्छुक भएर परिवर्तनका लागि साथ दिने सम्पूर्णमा धन्यवाद व्यक्त गरे । उनले त्यो साथलाई अझ बढाउन आवश्यक रहेको पनि बताए ।

लमजुङ काठमाडौं सम्पर्क समितिका संयोजक भोला शर्माले लमजुङमा विकासका लहरहरु फैलाउन आवश्यक रहेको बताए । उनले भने, 'लमजुङ घलेउत्तरकन्यादेखि विचौरसम्म, समिभज्याङदेखि राइनाससम्म लमजुङको विकास गर्नुपर्ने अवस्था छ । बगेका मर्स्याङ्दी, मिदिम र दोर्दीबाट हामीले विकासका लहरहरु फैलाउनुछ ।'

डुम्रे-बेसिशहर मोटरबाटो र मनाङसम्म जोडिएको मोटरबाटो, त्यहाँ भएका प्राकृति सम्पदाहरुलाई हामीले टुरिजमसँग दाँजेर आयआर्जन गर्नुपर्ने उनले बताए ।

विगतमा लमजुङमा देखिएका पुराना राजनीतिक खेलहरुलाई समाप्त गरेर नयाँ विजारोपण गर्नुपर्ने उनले बताए । उनले भने, 'हामीले गोरखाको लिगलिकोटबाट उदाउँदै गरेको सुर्यसँगै लमजुङलाई आशाको किरणहरु फैलाउनुछ ।'

हिजोसम्म लमजुङमा पनि घण्टी छ र ? भन्नेलाई विगतमा दश हजार मत ल्याएर जवाफ दिइसकेको भन्दै उनले अब ८४ को चुनावमा ८ वटा पालिकामा घण्टी बज्ने बताए । उनले भने, 'संसदमा हाम्रो नेताहरुलाई पठाउनुछ । संसदीय दलमा पनि हाम्रो लमजुङबाट प्रतिनिधत्व गर्नेछन् । अघिल्लो चुनावमा हाम्रो कमिकमजोरी भए । अब ठूलो स्वरमा घण्टी बज्ने छ ।'

स्काइ पार्टी प्यालेस, सामाखुसी काठमाडौंमा शनिबार आयोजित कार्यक्रममा लमजुङ घर भइ हाल काठमाडौंमा बस्दै आएका लमजुङ्गेहरुको उल्लेख्य सहभागीता रहेको थियो । पदमराज पन्थीले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण निराजन चिलुवाले गरेका थिए ।

# इजरायलमा मारिएका विद्यार्थीप्रति श्रद्धाञ्जली

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २७ असोज



हमास समूहको आक्रमणमा परेर इजरायलमा मारिएका नेपाली विद्यार्थीहरुप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । मातृभूमी युवा समाज नेपाल र जागृति नेपाल अर्नमा गाउँपालिका ५ सिरहाको संयुक्त आयोजनामा सिरहाको थाना चोकमा श्रद्धाञ्जली अर्पण गरिएको हो ।

हार्दिक श्रद्धाञ्जलीको आकारमा मैनवत्ती प्रज्वलन गर्दै सहभागीहरुले मृतक विद्यार्थीहरुका आत्माको चिरशान्तिको कामनासहित एक मिनेट मौन धारणा समेत गरिएको मातृभुमी युवा समाज नेपालका अध्यक्ष मनिष कुमार यादवले बताए ।

अहिंसा पर्मो धर्म भन्दै आक्रमण कार्यलाई सहभागीहरुले भर्त्सना समेत गरेका छन् । कुनै कुरा अघि सार्न अनेक शान्ति पद्धति हुँदा-हुँदै त्यसलाई छाडेर हिंसाजन्य आक्रमण गर्नु दुःखद् भएको उनीहरुले बताएका छन् ।

अनाहकमा कसैको ज्यान जानु अति दुःखद् पक्ष भएको उनीहरुले बताएका छन् । हमासको आक्रमणमा इजरायलमा मारिएकाहरुप्रति श्रद्धाञ्जली र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गरिएको छ ।

हमासको आक्रमणमा परेर इजरायलमा आन्नद साह, गणेश कुमार नेपाली, पद्म थापा, प्रवेश भण्डारी, राजेश कुमार स्वर्णकार, राजन फुलारा, लोकेन्द्र सिहं धामी, नारायण प्रसाद न्यौपाने, आषिश चौधरी, दिपेशराज विष्ट गरी दश जना नेपाली विद्यार्थीहरुको ज्यान गएको थियो भने अन्य घाइते भएका छन् ।

श्रद्धाञ्जली कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरीक्षक रविन्द्र राज पाण्डे, वडा प्रहरी कार्यालय सिरहाका प्रमुख विश्वबाबु बुढाथोकी, सामाजिक अगुवा शम्भु साह, अभियन्ता युवाहरु अविनास पूर्वे, सुमित कुमार यादव, विकास साह, रुपेश यादव, राकेश यादव, कृष्णा यादव, राजु मुखिया, शशी कुमार मण्डल, शतिस मण्डल लगायतको उपस्थिति रहेको थियो ।

### सत्ताका...

कांग्रेसको संस्थापन पक्ष कांग्रेसकै विद्रोही सांसद कार्कीलाई कोशीमा मुख्यमन्त्री मान्न तयार हुनुको कारण सत्ता हो । यसको पुष्ट्याई स्वयम प्रधानमन्त्री प्रचण्डले गरेका छन् ।

प्रधानमन्त्री प्रचण्डले चितवन पुगेर कोशी प्रदेशमा सत्ता गठबन्धनकै सरकार बन्ने बताएका छन् । भतरतपुर विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उनले कांग्रेसको तर्फबाट मुख्यमन्त्री बनेका केदार कार्कीलाई स्वीकार गरेको बताएका हुन् ।

प्रधानमन्त्री दप्रचण्डले कार्की अब सबैको मुख्यमन्त्री भएको भन्दै स्वीकार गरेको बताएका हुन् । प्रचण्डले नेकपा एमालेका सांसदहरूको समर्थनमा मुख्यमन्त्री बनेका कार्की आफूहरूको पनि मुख्यमन्त्री भएको बताए ।

'केदार कार्कीजी मुख्यमन्त्री बन्नुभएको छ । अब उहाँ हामी सबैको पनि मुख्यमन्त्री हुनुभयो' उनले भने, 'अब सेफ ल्यान्डिङ गरिएको छ ।'

प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री आफू, कांग्रेस सभापति देउवा र नेता शेखर कोइरालाबीच सत्ता गठबन्धनमा बेइमानी नगर्ने सहमति भएको स्मरण गर्दै उनले यस्तो बताएका हुन् । कोशी प्रदेशमा गठबन्धनकै नेतृत्वमा सरकार बन्ने र आफूहरूले विश्वासको मत दिने उनले बताए र

'राजनीतिमा चिसो/तातो भइराख्छ, कहिलेकाँही गठबन्धनभित्र विवाद हुँदा झन बलियो भएर आउने वातावरण बन्छ' उनले भने, 'हामीलाई विश्वास छ - बिहान भएको सहमतिले गठबन्धनलाई अझ बलियो बनाउन मद्दत गर्छ । विश्वासको मत दिने कुरा भइहाल्यो । सर्वपक्षीय सरकार बनाउन असम्भव चाहि भन्दिनँ । तर तत्काल सर्वपक्षीय सरकार बन्ने देख्दिनँ । कोशी प्रदेशमा गठबन्धनकै सरकार बन्छ ।'

### निलम्बनमा...

दुर्घटना भएका छन् । ती दुर्घटनामा ९० जनाको मृत्यु भएको छ ।

पछिल्ला तीन महिनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटनाग्रस्त भए । दुवै दुर्घटना सोलुखुम्बुमा भएका हुन् । गत असार २६ गते मनाङ एयरको हेलिकप्टर दुर्घटना हुँदा चालक दलका एक सदस्यसहित छजनाको मृत्यु भएको थियो ।

### क्षेत्राधिकार...

अधिकारीहरुको भनाइ छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई नीतिगत निर्णयको परिभाषा गर्दै निश्चित नीतिगत निर्णय, अनुचित कार्य र सरकारी कोषबाट अनुदान प्राप्त गर्ने निजी क्षेत्रलाई अख्तियारले अनुसन्धान गर्न पाउनुपर्ने बताउँछन् । सरकारी कोषको रकम उपलब्ध गराइएको अवस्थामा त्यस्तो रकमबारे छानबिन गर्न पाउनुपर्ने उनको माग छ ।

प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकको दफावार छलफल प्रारम्भ गर्नुपूर्व अख्तियारका पदाधिकारीहरुलाई बोलाएको थियो । उक्त छलफलमा भाग लिँदै अख्तियार प्रमुख आयुक्त राईले नीतिगत निर्णय के हो वा होइन भन्ने सीमा निर्क्योलको आवश्यकता औंल्याए । कतिपय अनियमितताका विषयलाई मन्त्रीपरिषदमा लगेर नीतिगत निर्णयका नाममा अनुसन्धान नहुने गरेको भन्दै उनले प्रस्ट हुन जरुरी रहेको बताए ।

स्टिङ अपरेसनका मुद्दाबारे सर्वोच्चले फैसला गरेपछि आयोगलाई मुद्दा चलाउने कानुनी अधिकार नभएको भन्दै घुस लेनदेन भएको देखिँदा पनि चुप बस्नु परेको बताए ।

निजी क्षेत्रमा समेत अख्तियारले प्रवेश पाउने गरी राष्ट्रिय सभाले विधेयक पारित गरेको छ । यसको स्वागत गरेका राइले भनेका छन्, 'नीतिगत निर्णयको परिभाषा गर्दै निश्चित नीतिगत निर्णय, अनुचित कार्य र सरकारी कोषबाट अनुदान प्राप्त गर्ने निजी क्षेत्रलाई अख्तियारले अनुसन्धान गर्न पाउनुपर्छ ।'

सर्वसाधारणका लागि सेयर जारी गरेका पब्लिक कम्पनीलाई अख्तियारको अधिकार क्षेत्रमा ल्याउने गरी विधेयक माथिल्लो सभाबाट पारित भएको उल्लेख गर्दै अख्तियारका अधिकारीहरु यसको दायरा अझ बाउनुपर्ने तर्क गर्छन । जति धेरै क्षेत्राधिकार त्यति धेरै काम प्रभावकारी हुने अख्तियारका अधिकारीहरुको जिकिर छ ।

### इजरायलको ...

भएको छ । नेपालका पनि १० जना मारिएका छन् ।

नेपाली विद्यार्थी विपिन जोशीलाई हमासले बन्धक बनाएको अनुमान छ । हमासले जर्मनी, मेक्सिकोका कयौं नागरिकलाई बन्धक बनाएका छन् भने इटली, पाराग्वे, श्रीलंका र तान्जानियाका कामदार हराइरहेको बताइएको छ । इजरायली सेनाले गाजाको उत्तरी क्षेत्रका ११ लाख प्यालेस्टाइनीहरूलाई दक्षिणमा जान निर्देशन दिएर दशौं हजार फौज, ट्यांक र गोलीगट्ठाहरू सीमा नजिकै तैनाथ गरिरहेको बताएको छ । इजरायलले गाजामा निर्णायक आक्रमण गर्ने भन्दै सैनिक तालिम पाएका करिब तीन लाख जगेडा फौजहरूमध्ये १ लाख ६० हजारभन्दा बढी सैनिकहरूलाई तम्तयार अवस्थामा राखिएको बताएको छ ।

इजरायलले हमास लडाकुका सुरूङहरू रहेको विश्वमै जनघनत्वको शहर गाजामा स्थल सेनाहरू पठाएर हमास लडाकुहरू संगठित हुन नसक्ने ठूला सैन्य कारबाही गर्ने चेतावनी दिएको छ ।

### बडा दशैं..

साइत बिहान ११:२९ मा शुभ रहेको छ । गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दशैं घरमा पवित्र नदी वा चोखो स्थलबाट बालुवा अथवा माटो ल्याई जौ छरेर विधिपूर्वक जमरा राखिन्छ । जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसहित समृद्धिको प्रतीक पहेंलो जमरा ग्रहण गरिन्छ ।

विधिपूर्वक स्थापना गरिएको घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गरिन्छ । कसैकसैले जौ बाहेक गहुँ र मकैको पनि जमरा राख्ने गर्दछन् । यो दिन चित्रा नक्षत्र र वैधृति योग समेत परेकाले घटस्थापना गर्नु अगाडि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्रसम्मत हुने बताइएको छ ।

घटस्थापनादेखि विजया दशमीसम्मको अवधिलाई नवरात्र पनि भनिन्छ । नवरात्रभर अधिष्ठात्री देवी दुर्गाका नौ रुपको पूजा गरिन्छ । नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ ।

बडादशैँको सातौँ दिन धार्मिक विधिअनुसार फुलपाती भित्राइन्छ । यसवर्ष कात्तिक ४ गते शनिबार फूलपाती परेको छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरुले दशैं घर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन् ।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवम स्तुतिको पाठ गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवम दर्शनार्थीको भीड लाग्छ ।

दशैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ ।

कात्तिक ७ गते दशैको टिका परेको छ । त्यस दिन टिकाको शुभ साइत बिहान ११ बजेर २ मिनेट जाँदा रहेको छ । साथै टिका लगाउँदा पश्चिम मोहडामा फर्किएर लगाउँदा राम्रो हुने जनाइएको छ ।

धेरैजसो शैक्षिक संस्था र सार्वजनिक कार्यालयमा आजैका दिनदेखि दशैँका अवसरमा सार्वजनिक बिदा हुन्छ ।

# चिकित्सक कुटपिट गर्ने दुई जना कारागार चलान

**कास्की/मस**- तीन साताअघि पोखराको मणिपाल शिक्षण अस्पतालका चिकित्सकमाथि कुटपिट गर्ने र अस्पताल तोडफोड गर्ने दुई जना कारागार चलान भएका छन् । उक्त घटनामा संलग्न सातजना जनही एक लाख रुपैयाँ धरौटी बुझाएर तारेखमा रिहा भएका छन् ।

प्रहरीले पक्राउ परेकालाई स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ अन्तर्गत हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने कसुरमा अनुसन्धान प्रकृया अगाडि बढाएको थियो । प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमार्फत अदालत पेश हुँदा कास्की जिल्ला अदालतबाट उनीहरुलाई कारबाहीको फैसला गरिएको हो । कारागार चलान हुनेमा पोखरा महानगरपालिका-१७ हनुमान टोलका सुशील कार्की र पोखरा-५ का विनय गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

यसैगरी घटनामा संलग्न पोखरा-४ का सुजित मुल्मी, पोखरा-५ का अभिनास गुरुङ, अरुण गुरुङ, पोखरा-९ का नितेश गुरुङ, विवेक गुरुङ र पोखरा-२० का मनिष थापा र पोखरा-११ प्रदीप गुरुङ जनही रु एक लाख धरौटी राखी तारेखमा छुटेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

उनका अनुसार अझै पहिचान खुलेका १० जना र पहिचान नखुलेका अन्य व्यक्ति फरार रहेकाले खोजी भइरहेको छ ।

यही असोज ८ गते लमजुङ सुन्दरबजार नगरपालिका-६ की ५७ वर्षीया सुकमाया दुराको अस्पतालमा उपचारका क्रममा निधन भएपछि पोखरा महानगरपालिका-११ फूलबारीस्थित मणिपाल शिक्षण अस्पतालका चिकित्सकलाई मृतकका आफन्तले कुटपिट गरेका थिए । बिरामीको मृत्युपछि उपचारमा डाक्टरको लापर्बाहीको कारण बिरामीको मृत्यु भएको र मृत्युको कारण खुलाउनुपर्ने माग राखी आन्दोलित भइ उपचारमा संलग्न चिकित्सकलाई कुटपिट गरेका थिए ।

अस्पताल तोडफोड गरेपछि कास्की प्रहरीले नौ जनालाई पक्राउ गरी अनुसन्धान शुरु गरेको थियो । पोखराको मणिपालका अस्पतालको घटनालाई लिएर कास्कीसहित देशभरका चिकित्सकले आकस्मिकबाहेकको सेवा बन्द गरी आन्दोलनमा उत्रिएका थिए । सरकारले चिकित्सक कुटपिट गर्नेलाई पक्राउ गरी कानुनी कारबाहीको प्रतिबद्धता जनाएपछि चिकित्सक काममा फर्किएका थिए ।

# तिब्बतबाट आयात नहुँदा हुम्लामा महँगियो भेडा र च्याङ्ग्रा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २७ असोज

नेपालीहरुको महान चाड वडादशैंको अवसरमा बिक्रीका ल्याइएका बलिदिने भेडा, बाखाको मूल्य आकासिँदा हुम्लीबासी चर्को मूल्य तिर्न बाध्य भएका छन् ।

वडादशैंमा हुम्लीबासीले घर-घरमा भेडा, बाखाको बलि दिने भएपनि यो वर्ष मूल्य आकासिँएको हुँदा न्यून आयस्रोत भएका नागरिक चिन्तित बनेका छन् ।

तीन वर्ष अगाडि चीनबाट दशैंको लागि ल्याउने चिनियाँ च्याङ्ग्रा, भेडा बाख्रा सस्तोमा आउने भएपनि कोरानाका कारण नेपाल र चीनको सीमाना बन्द हुँदा सबै रोकिएको थियो । विस्तारै करिब तीन वर्षपछि नाका खोलेपनि चिनियाँ च्याङ्ग्रा नआउने हुँदा स्थानीय भेडा, बाखाको मूल्य आकासिँएको व्यापारी लोक्ते कामीले बताए ।

उनका अनुसार यो वर्ष पहिलो वर्ष भन्दा कम भेडा बाख्रा जिल्लामा भित्रिएको हुँदा मूल्य आकासिँएको हो । सदरमुकाम सिमकोटमा अहिलेसम्म



दशैंमा बलि दिने तीन वटा भेडा, बाखाका बथान आएको भएपनि हरेक बथानमा १५ हजारदेखि ४५ हजारसम्म मूल्य पर्ने अर्का व्यापारी सरोज शाहीले बताए । उनले भने,‘हुम्लामा भेडा, बाखा त्यति छैनन् । जिल्लामा आएका भेडा, बाखा दार्चुला, जुम्ला, मुगु, डोल्पा, बाजुरा अछाम लगायतका बाहिरी जिल्लाबाट ल्याउनुपर्ने र उतै मूल्य महंगो पर्ने हुँदा जिल्लामा ल्याउँदासम्म दु:ख जोडेर मूल्य निर्धारण गर्नु परेको हो ।’ दशैंको लागि भेडा किन्न आएका भैरव सिंहले जिल्लामा भेडा, बाखा पालनको कमीले गर्दा अहिले जिल्ला बाहिरबाट ल्याइएकाले महंगो मूल्यका किन्नु परेको बताए ।

स्थानीय धने सुनारले भने, ‘आर्थिक रुपमा सक्षम भएका नागरिकले दशैंमा बलिदिने होलान, तर आर्थिक स्रोत कम भएका नागरिकलाई दशैं होइन् दशा आएको जस्तो भएको छ ।’ दशैं आउनु भनेकै खसीको बलिदिनैपर्छ भन्ने गाउँ-घरको चलनले आफू जस्ता न्यून आयस्रोत भएका नागरिकलाई दशैं मनाउन गाह्रो भएको उनले बताए ।

बलि दिने सानो खसी किन्न खोज्दा पनि करिब १२ किलो भएको भेडाको मूल्य १८ हजारभन्दा किन्न नसकेको अर्का स्थानीय करे वि.कले गुनासो गरे ।

जिल्लामा भेडा बाखा पालनको कमीले गर्दा बाहिर जिल्लाबाट आएका भेडा, बाखाको चर्को मूल्य तिर्नुपर्दा दशैंमा ऋणमात्र लाग्ने स्थानीयको गुनासो छ । स्थानीय भागिन्द्र शाहीले स्थानीय सरकारले जिउँदो खसीको मूल्य निर्धारण गर्न आवश्यक देखिएको बताए ।

# भूकम्प प्रभावितलाई राहत लिएर बझाङ आइपुगे विप्लव

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २७ असोज

नेपाल कम्युनिष्ट पार्टी विप्लवका महासचिव नेत्र विक्रम चन्द (विप्लव) बझाङ आइपुगेका छन् । महासचिवको स्वागतका लागि जिल्लास्थित नेताकार्यकर्ताहरू र्‍यालीसहित वित्थड पुगेका थिए । महासचिव विप्लवलाई जिल्लाको बित्थडचिर गाउँपालिकाका विभिन्न ठाउँ, केदारस्यूँ गाउँपालिकाको बाग्थाला र झोता बजारमा भव्य




स्वागत गरिएको थियो ।

गत असोज १६ गतेदेखि निरन्तर गइरहेको भूकम्पबाट प्रभावितसँगै उभिनका लागि महासचिव विप्लव बझाङ आइपुगेका नेकपा कम्युनिष्ट पार्टी विप्लव बझाङले जनाएको छ ।

जिल्लास्थित भूकम्प प्रभावितका लागि राहत सामग्री वितरण गर्नका लागि जिल्लामा आइपुगेका महासचिव विप्लवले राहत जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्नेछन् । साथै उनले भूकम्प प्रभावित र इजरायलमा मृत्यु भएका गणेश नेपालीका परिवारसँग पनि भेट्ने बताइएको छ ।

# अज्ञात समूहद्वारा महासंघ उदयपुरमा ताला, पत्रकार बुद्धि रातभर भित्रै थुनिए

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २७ असोज

नेपाल पत्रकार महासंघ शाखा कार्यालय उदयपुर गाईघाटमा अज्ञात समूहले ताला लगाइदिएपछि पत्रकार बुद्धि राई रातभर भित्रै थुनिएका छन् ।

शुक्रबार साँझ ७ बजेको समयमा महासंघको कार्यसमिति सदस्य पत्रकार राई कार्यालयमा रहेको बेला ‘पत्रकार सदस्यता संशोधन गर ! आसेपासेलाई पत्रकार बनाउन पाइँदैन’ भनेर लेखिएको पम्प्लेट कार्यालयको गेटमा टाँसेर अज्ञात समूहले कार्यालयको गेटमा ताला लगाइदिएको थियो ।





उक्त कार्यप्रति आपत्ति जनाउँदै महासंघले भर्त्सना गरेको छ । घटनाको विषयमा अनुसन्धान भइरहेको नेपाल पत्रकार महासंघ उदयपुरका अध्यक्ष भरत खड्काले जानकारी दिए ।

# कतारमा श्रम कानून र सामाजिक सुरक्षा कोषबारे सचेतना कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ असोज

गण्डकी प्रदेश समन्वय परिषद् कतारको आयोजना तथा मातहतका जिल्ला संस्थाहरूको सहआयोजनामा कतारको श्रम कानूनबारे आधारभूत अभिमुखीकरण, सामाजिक सुरक्षा कोषमा सहभागिताबारे सचेतना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममार्फत राहदानी तथा अनलाइन श्रम स्वीकृति नवीकरणबारे प्रशिक्षणसहित विजयादशमी, दीपावली, नेपाल संवत् तथा छठको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो ।

कतारस्थित नेपाली राजदूतावासको सभा हलमा दूतावासका प्रथम सचिव कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यतामा शुक्रबार सम्पन्न कार्यक्रमलाई परिषद्का अध्यक्ष सागर पौडेलले सभापतित्व गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुवेदीले दूतावासप्रति श्रमिकले सामाजिक सञ्जालमा राखेका गुनासाहरूको जवाफ दिन थालेको बताउँदै दूतावासले गर्नुपर्ने कार्यक्रम गण्डकी प्रदेशले आयोजना गरेकोमा खुसी व्यक्त गरे ।

कतारको श्रम ऐन सन् १९६० बाट लागू भएको र श्रम कानूनमा १४६



धारा रहेको बताउँदै घरेलु कामदारलाई पनि श्रमीकको हैसियत प्रदान गरिएको राष्ट्रिय मानव अधिकार आयोग कतारमा आवद्ध तथा कार्यक्रमका वक्ता प्रो. मोहम्मद रमजान अलि मियाँले जानकारी दिए । उनले कतारमा श्रमिकले अति सामान्यभन्दा सामान्य विषयमा हेलचेक्राइ गर्दा जटिल समस्यामा पर्ने गरेको बताए ।

रोजगार प्रदायक र कामदार दुबैलाई श्रम ऐनमा हक अधिकार तथा कारबाहीको व्यवस्था गरिएको बताउँदै उनले कतारको कार्यालय प्रयोजन भाषा अरबिक भएका कारण श्रमिकले उजुरी दिँदा अरबिक भाषाको प्रयोग गर्न सके उजुरी बढी प्रभावकारी हुने बताए ।

कार्यक्रममा उनले कतारको श्रम कानूनलाई नेपालीमा अनुवाद गरिएको पुस्तकमा उल्लेखित मुख्य मुख्य बुँदाहरु हललाई अवगत गराएका थिए । मियाँले ‘हुकुमी’ मोबाइल एपबाट आफ्नो गुनासो एपमा उपलब्ध विभिन्न ३३ भाषामार्फत गर्न सकिने बताए । उनले छिटो छरितोको लागि र सामान्य पढे लेखेकाहरूले पनि हुकुमी अनलाइनमार्फत एडेल्साको पेजबाट पनी उजुरी तथा गुनासा राख्न सकिने जानकारी गराए । कार्यक्रममा राहदानी नवीकरणको फाराम कसरी भर्ने, गल्ती भएमा दूतावासका अधिकारीहरूले कसरी सहजीकरण गर्छन् भन्ने बारेमा नियोगका सहचारी सन्ध्या भट्टराईले स्पष्ट पारेकी थिइन् । उनले नेपाल दक्षिण एसियामा नेपाल ई पासपोर्ट जारी गर्ने राष्ट्र रहेको बताइन् । त्यस्तै अर्का वक्ता नियोगकै सहचारी कृष्ण पौडेलले सामाजिक सुरक्षा कोषमा आवद्ध हुनुपर्ने कारण र अनलाइन श्रम नवीकरणका बारेमा वृत्तचित्र सहित प्रशिक्षण दिएका थिए ।

परिषद्का महासचिव कल्याण थापाले सहजीकरण गरेको कार्यक्रममा आसन ग्रहण र खादा ब्याचको प्रयोग गरिएको थिएन । निर्धारित समयमा सुरु हुन नसके पनी आसन ग्रहण र भाषणमा बित्ने घन्टौं समयको बचत भएको कार्यक्रमको अन्त्यमा वक्ताहरूलाई मायाको चिनोले सम्मान गर्दा मात्र ढाका टोपी र खादाको प्रयोग गरिएको थियो ।

अजय विकले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको समापन गर्दै सभापति पौडेलले श्रमिकलाई सुसूचित र सजग गराउनु नै सामाजिक कार्यको एक हिस्सा भएको हुँदा फरक किसिमको कार्यक्रमको आयोजना गरिएको बताए । उनले हलको समस्याले पिल्सिरहेको बेला दूतावासले हल उपलब्ध गराएर ठूलो गुण लगाएको बताउँदै आभार व्यक्त गरे ।

## सिरहा डायरी

**रामएकवाल राम/मध्यान्ह**

# लहानमा सरसफाइ तथा रङ्ग रोगन कार्यको शुभारम्भ

नेपालीहरुको महान पर्व दशैं, दिपावली तथा छठ पर्व नजिकिँकै गर्दा सिराहाको लहानमा सरसफाइ तथा वृक्षा रङ्ग रोगन कार्यक्रमको शुभारम्भ गरिएको छ ।

‘हाम्रो नगर सफा र सुन्दर नगर’ मूल नाराका साथ नेपाल कमर्सीयल आर्टिष्ट संघ जिल्ला कार्यसमिति सिराहाद्वारा लहान नगर क्षेत्रभित्र रहेका सडक छेउमा लगाइएका बोट बिरुवाहरुलाई सौन्दर्यकरण गर्ने उदेश्यका साथ सरसफाइ तथा वृक्षा रंग-रोगन गरिएको हो । कार्यक्रमको शुभारम्भ नगर प्रमुख महेश प्रसाद चौधरीको प्रमुख आतिथ्यतामा भएको थियो ।

शनिबार बिहान लहानको



घण्टा घरदेखि शहीद चोकसम्म सडक पेटिकाको दुबै पट्टिको रुखमा रातो, निलो र सेतो रङ्गले सौन्दर्यकरण तथा वृक्षा रङ्ग-रोगन गरी सरसफाइ गरिएको आयोजकले जनाएको छ ।

उक्त कार्यक्रममा लहान-६ का वडा अध्यक्ष रमेश गौतम, लहान -८ का वडा अध्यक्ष श्याम साह, भोरे भोर, लहान २० का वडा अध्यक्ष गणेश चौधरी, लहान २४ का वडा अध्यक्ष रासलाल राय(राजपुत) लगायत सञ्चारकर्मी, बुद्धिजीवी, वडा सदस्य नेपाल कमर्सियल आर्टिष्ट संघ सिरहाका भास्कर प्रसाद मिश्र लगायत कार्य समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# ६८औं प्रहरी दिवसमा दुर्गा मन्दिर सरसफाइ

सिरहामा ६८ औं प्रहरी दिवसको अवसरमा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहा र सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा केन्द्र सिरहाको संयुक्त आयोजनामा दुर्गा मन्दिर परिसरमा सरसरफाई कार्यक्रम सम्पन्न गरिएको हो ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सिरहा नगरपालिका-१ मा रहेको



दुर्गा मन्दिर परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न गरेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय सिराहाले विभिन्न समयमा सरसफाइ तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको प्रहरीले जनाएको छ ।

# दशैंको अवसरमा सरसफाइ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २७ असोज

विजयादशमी, शुभ दिपावली तथा छठ पर्वको अवसर पारेर रौतहटस्थित नेकपा माओवादी केन्द्रका नेता कार्यकर्ताहरुले शनिबार विभिन्न ठाउँमा सडक सरसफाइ गरेका छन् ।

जनतासँग माओवादी, घर-घरमा माओवादी, जनजनमा माओवादी भन्ने विशेष रुपान्तरण अभियान अन्तर्गत माओवादी केन्द्र जिल्ला कार्य समिति रौतहटको आयोजनामा गढिमाई र गरुडा नगरपालिकामा सरसफाइ गरिएको हो ।

माओवादी रौतहटका नेता कार्यकर्ताहरुले शनिबार साँझ गरुडा नगरपालिका-३ मलाहिटोल र गढिमाई




नगरपालिका-९ मा रहेको सडक, नाला, मठ मन्दिर, सरकारी कार्यालयहरु लगायत विभिन्न सार्वजनिक स्थानमा झाडुले सरसफाइ गरेको सरसफाइमा सहभागी माओवादी नेता जितेन्द्र श्रीवास्तवले जानकारी दिए ।

सो अवसरमा बोल्दै माओवादीका रौतहट जिल्ला इन्चार्ज क्षेत्र बहादुर श्रेष्ठले नयाँ ढंगको पार्टी निर्माण अहिलेको आवश्यकता रहेकोले पार्टीलाई बलियो र मजबुँद बनाउन पार्टीले तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु गरेको बताए ।

‘घर घरमा माओवादी, जनजनमा माओवादी’ नारा दिइएको पार्टीको विशेष रूपान्तरण अभियान अन्तर्गत सबै नेता कार्यकर्तालाई समेत रुपान्तरित हुन अभियानले प्रेरित गर्ने उनले बताए ।

कार्यक्रममा माओवादीको गरुडा र गढिमाई नगरपालिकाको नगर इन्चार्ज देवेन्द्र पटेल, बौधीमाइ नगर इन्चार्ज विन्देश्वर यादव, माधवनारायण नगर इन्चार्ज सुरेन्द्र जयसवाल (विपिन), देवाही गोनाही नगर इन्चार्ज रामाकान्त चौरसिया, वृन्दावन नगर इन्चार्ज देवकी नेपाल, लगायत पार्टीबाट निर्वाचित विभिन्न पालिकाका जनप्रतिनिधि, अन्य नेता कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**मधेश कृषि विश्वविद्यालय**
**राजविराज, सप्तरी**

**आधिकारीक आपूर्तिकर्ता (विक्रेता) मा दररेट पेश गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०६/२८**

विश्व विद्यालयको शैक्षिक कार्यक्रमको लागि ल्याव उपकरण तथा सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले www.mau.edu.np मा संलग्न Specification बमोजिमका उपकरण तथा सामग्रीहरुको दररेट आजको मिति देखि १५ दिनभित्र mau@mau.edu.np मापेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



## सम्पादकीय

# अचम्मको मौनता

केही दिन अगाडि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको लिपुलेक क्षेत्रमा आएर फर्किए । उक्त भूमिमा उनले पूजाआजादेखि अवलोकन समेत गरे । मोदी नेपालको नक्साभित्र पर्ने भूमिमा आएर फर्किएको सूचना भारतीय संस्थापन (भारतीय जनता पार्टी) बाटै भएको थियो । मोदी त्यहाँ आएर फर्किएकोबारे नेपाली सञ्चार माध्यमहरूले पर्याप्त ठाउँ दिएर कुटनीतिक मर्यादा बिपरीत भएको समेत उल्लेख गरेका छन् । किनकि कुनैपनि मुलुकका कार्यकारी प्रमुख अर्को देशको भूमिमा जाँदा पूरा गर्नुपर्ने कुटनैतिक प्रक्रिया हुन्छन् । तर नेपालको परराष्ट्र मन्त्रालयदेखि दार्चुला जिल्ला प्रशासनले समेत मोदी त्यहाँ आएर गतिविधिमा सहभागी भएको जानकारी पाएन । अथवा भारतीय संयन्त्रले प्रधानमन्त्री मोदी आउनेबारे आवश्यक प्रक्रिया नेपाली पक्षलाई जानकारी दिन आवश्यक ठानेन ।

तर नेपाल सरकारले आवश्यक चासो यसतर्फ दिनुपर्ने थियो । कुनैपनि सार्वभौम मुलुकका सरकार प्रमुखले आफ्नो भूमिमा हुने गतिविधिप्रति चासो राख्नु प्रमुख दायित्व हो । त्यसो हुँदा नेपालको प्रशासनिक नक्साभित्र पर्ने भूमिमा अर्को देशको प्रधानमन्त्री बिना जानकारी भ्रमण गरेर फर्कदा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले चासो राख्नु प्राथमिक कार्य हो । तर अहिलेसम्म नेपाल सरकार र प्रधानमन्त्री मोदीले यसबारे कुनै पहलकदमी लिएको देखिदैन । कुटनीतिक पहलकदमी भएको भए त्यसको जानकारी समेत सार्वजनिक गरिएको छैन । यसरी नेपाल सरकार मौन रहँदा भारतीय हेपाहा प्रवृत्तिको शृङ्खला बढेर गएको अनुभूति नागरिक तहमा देखिन्छ ।

किनकि गएको जेठमा मात्रै भारतले नयाँ संसद भवनभित्र राखेको मूरलमा नेपाली भूमि समेटेको थियो । नेपालको कपिलवस्तु र लुम्बिनी समेटिएको मुरूलबारे पनि प्रधानमन्त्री प्रचण्डले केही बोलेका थिएनन् । नेपालकै पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र केपी शर्मा ओलीले सीमा समस्या लगायतबारे अध्ययन गर्न बनेको ईपीजीको प्रतिवेदनबारे समकक्षीसँग कुरा उठाउन प्रधानमन्त्री प्रचण्डसँग सार्वजनिक अपिल गरिरहेका छन् । तर जेठमा भारत भ्रमणमा निस्किएका प्रचण्डले ईपीजीबारे ठोस् पहल लिन सकेनन् । जबकी २०७२ मा नेपालको संविधान जारी गरिए यता भारतले एकपछि अर्कोगरी नेपालविरोधी निर्णय लिइरहेका छन् । शुरुमा नाकाबन्दी, त्यसपछि नेपाली भूमि समेटेर नक्सा प्रकाशन अनि कालापानी क्षेत्र भएर सडक निर्माण जस्ता गतिविधि भारतले गरिरहेको छ । तर यस्तो शृङ्खलाबद्ध हेपावा प्रवृत्तिविरूद्ध प्रधानमन्त्री दाहाल मौन रहनु पक्कै पनि शोभनीय कुरा होइन । आवश्यक चासो र पहलकदमी लिन आवश्यक छ ।

# बालबालिकाको स्वास्थ्यमा खेलबाड

*'लिड'ले मानिसको मुटु, स्नायु र प्रजनन प्रणालीमा समेत असर गर्दछ । बालबालिकाको शरीरमा लिडको मात्रा धेरै भएमा स्मरण शक्तिमा ह्रास आउने गर्दछ । ब्याट्री तथा रङमा प्रयोग भएका लिडले मानिसको पेट, टाउको, हड्डीमा समेत असर गर्दछ । अझ लिडले बालबालिकाको शारीरिक तथा मानसिक एवम् बौद्धिक विकासमा सिधै असर गर्दछ ।*

अग्रलेख



● कृष्ण अधिकारी

आधुनिकता र शहरीकरणको विस्तारसँगै घर, फर्निचर, स्कुल रङ्गाउने पेन्ट्सहरूलगायत बालबालिकाले खेलाउने विभिन्न खेलौनाहरू बजारमा प्रशस्त पाइन्छन् । विद्यालय, घर वा पार्कमा रङ्गाउन प्रयोग गरिने पेन्ट्सहरू र ती ठाउँहरूमा बालबालिकालाई उपलब्ध हुने खेलौनाहरूमा प्रशस्त मात्रामा घातक रसायन लिड अर्थात् सिसा पाइने गरेकाले उनीहरूको स्वास्थ्यमा खेलवाड भैरहेको छ । बालबालिकाले पढ्ने कक्षा कोठा, डेस्क, बेन्चमा लगाइएका लिडयुक्त पेन्ट्सहरू र घर एवम् स्कुलमा बच्चालाई खेल्न उपलब्ध गराइने गुडिया तथा खेलौनामा पाइने घातक र स्वास्थ्यमा गम्भीर असर पार्ने रसायनहरूबारे धेरैलाई थाहा नहुन सक्छ । यसको असरबारे अभिभावक, शिक्षक वा अन्य कसैले पनि त्यति ध्यान दिएको देखिँदैन । नेपाली बजारमा पाइने ४८ प्रतिशत पेन्ट्सहरू र ६० प्रतिशतभन्दा बढी खेलौनामा उच्च स्तरमा विषाक्त गह्रुङ्गो धातु र हानिकारक रसायनहरू पाइएको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको सहयोगमा २०७८ मा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (सिफेड)ले देशभरका विभिन्न स्थानबाट सङ्कलन गरेको इनामेल पेन्ट्सहरूमा लिडको मात्रा अधिक भएको पाइएको जनाएको छ । देशभरका कुल ६२ नमूनामध्ये ३२ वटा अर्थात ५२ प्रतिशत पेन्टमा मात्र मापदण्डमा तोकेको अधिकतम लिडको मात्रा ९० पिपिएमभन्दा कम लिड पाइएको थियो भने ६२ नमूनामध्ये ३० वटा अर्थात् ४८ प्रतिशत पेन्टमा मापदण्डमा तोकेको अधिकतम लिडको मात्रा ९० पिपिएमभन्दा बढी लिड पाइएको थियो । रङ्गलाई चम्किलो बनाउन, धातुमा खिया लाग्न नदिन र रङ्गलाई चाँडो सुकाउन लिडको प्रयोग हुने गर्दछ ।


सिफेडले सन् २०१८ मा गरेको अध्ययनमा बालबालिकाको खेलौनामा पारो-मर्करीलगायतका घातक रसायनहरू पाइएको थियो । खेलौनाका नमूनाहरूमध्ये ६२ प्रतिशत (५२ नमुनामध्ये ३२ वटामा खतरनाक हानिकारक गह्रुङ्गो धातु र अन्य रसायनहरू जस्तै सिसा (लिड), क्याडमियम, क्रोमियम, बेरियम, ब्रोमिन र जिङ्क आदि निकै उच्चस्तरमा पाइएको थियो । ती खेलौनाहरूमा प्रयोग हुने रङ वा अन्य रसायनहरू बालबालिकाको स्वास्थ्यका लागि निकै हानिकारक रहेको चिकित्सकहरू बताउँछन् । खेलौनाबाट भयावह अवस्था आउने देख्दादेख्दै पनि नेपालमा सरोकारवाला निकायबाट कुनै चासो दिइएको छैन । पाँच वर्षमुनिका बालबालिकाहरू यी हानिकारक रसायनहरूको सम्पर्कमा आई प्रभावित हुनसक्ने अवस्था झन् जोखिमपूर्ण हुने हुन्छ ।

त्यस्तै, सन् २०१३ मा गरेको अर्को अध्ययनमा बालबालिकाको खेलौनामा स्वास्थ्यको हिसाबले अत्यन्त हानिकारक मानिने गह्रौं धातुहरू लिड, मर्करी, क्रोमियम, क्याडमियम र ब्रोमिन पाइएको थियो । जम्मा सय वटा नमूनामध्ये ५४.५ प्रतिशत खेलौनामा कम्तिमा ३.६ पिपिएमदेखि ८३०५.८ पिपिएमसम्म रहेको थियो । प्राप्त नमूनाहरूमा २८ वटामा लिड, एउटामा मर्करी (पारो), नौ वटामा क्याडमियम, १४ वटामा क्रोमियम तथा ४० वटामा ब्रोमिन भेटिएको थियो । ५४.५ नमुनामा कम्तिमा कुनै १ रसायन, २७५ मा कम्तिमा कुनै २ रसायन, ११५ मा कम्तिमा कुनै तीन रसायन, १.५ मा भने चारवटासम्म रसायन भेटिएको थियो ।

### असुरक्षित खेलौनाको जगजगी

खेलौनाहरूले बालबालिकामा सिर्जनशीलता, रचनात्मकता, क्रियाशीलता, र समस्या समाधान गर्ने क्षमताहरूको विकासमा मद्दत पुग्दछ । खेलले बालबालिकाको चौतर्फी विकासको लागि महत्वपूर्ण भूमिका हुने भएकाले उनीहरूलाई खेल्न प्रेरित गर्नुपर्छ । बालबालिकाको शारीरिक, सामाजिक, भावनात्मक र बौद्धिक विकासमा टेवा पुऱ्याउने र कुनै किसिमको हानी नोक्सानी नगर्ने खेलौनाहरू सुरक्षित खालको हुनुपर्छ । बालबालिकाको उमेरअनुसार तोकिएको मापदण्ड पूरा गरी नबनाइएका र गुणस्तर प्रमाणीकरण चिन्ह नभएका, धारिला वा तीखा किनाराहरू भएका, आगो निस्कने, पड्किने गरी बनाइएका, बालबालिकाले सहन गर्न नसक्ने तौल भएका, चर्को आवाज भएका, घाँटीमा अड्कने र निल्न सक्ने खालका वस्तुहरू प्रयोग गरिएका र अत्याधिक चुम्बकीय वस्तुहरू प्रयोग भएका असुरक्षित खेलौनाहरूको प्रयोग निकै रहेको छ । यस्ता खेलौनाहरू सामान्यतया १६ वर्षमुनिका बालबालिकालाई लक्षित गरी बनाइएका हुन्छन् ।

बालबालिकाको शारीरिक, सामाजिक, भावनात्मक र बौद्धिक विकासमा टेवा पुऱ्याउने र कुनै किसिमको हानिनोक्सानी नगर्ने सुरक्षित खेलौना हुनुपर्छ । लिडयुक्त पेन्ट्सहरूका पाप्राहरू, लिडयुक्त कक्षाकोठा र घरका धुलोहरूको निरन्तर सम्पर्कमा रहँदा तथा बालबालिकाले खेलौना मुखमा टोक्दा वा चुस्दा, त्यसमा टाँसिएका घातक रसायन सिधै शरीरभित्र प्रवेश गर्दछ । कतिपय खेलौनामा र घरका झ्याल, भित्ताहरूमा आँखाले देख्न सकिने भौतिक पदार्थ जस्तैः धुलो, माटो, फोहर वा आँखाले देख्न नसकिने किटाणुहरू टाँसिएका हुन सक्छन् । खेलौनालाई बढी आकर्षक, नरम बनाउने र आकार मिलाउन प्रयोजनले खेलौनाहरूमा गह्रौं धातु तथा विषाक्त रसायनहरूको धेरै प्रयोग गरिएको हुन्छ । ठूलो आवाज आउने खेलौनाहरूले बालबालिकाको श्रवणशक्ति र ज्यादा चम्किलो वा बहुरङ्गी खेलौनाले बालबालिकाको दृष्टिशक्तिमा कमजोर बनाउन सक्दछ । स-साना गुच्चाहरू, बटन, मोती जस्ता दानाहरू वा त्यस्तै गेडागुडीजस्ता खेलौनाहरू बालबालिकाले निल्न सक्ने तथा घाँटीमा अड्किन सम्भावना पनि उत्तिकै रहन्छ । गुडिया, गाडीलगायतका बालबालिका लागि बनाइएका यस्ता सामग्रीहरूमा



> *बालबालिकाको शारीरिक, सामाजिक, भावनात्मक र बौद्धिक विकासमा टेवा पुऱ्याउने र कुनै किसिमको हानिनोक्सानी नगर्ने सुरक्षित खेलौना हुनुपर्छ । लिडयुक्त पेन्ट्सहरूका पाप्राहरू, लिडयुक्त कक्षाकोठा र घरका धुलोहरूको निरन्तर सम्पर्कमा रहँदा तथा बालबालिकाले खेलौना मुखमा टोक्दा वा चुस्दा, त्यसमा टाँसिएका घातक रसायन सिधै शरीरभित्र प्रवेश गर्दछ ।*

रसायन हुनसक्ने र बालबालिकाले कुनै पनि समय मुखमा पनि लगाउन सक्ने भएकाले अभिभावकले खेलौना दिँदा सफा गरेर दिनुपर्छ ।

शहरी क्षेत्रका अहिलेका बालबालिकाहरू शारीरिकरूपमा खेलिने खेलहरूबाट बञ्चित भइरहेका छन् । पर्याप्त खेलमैदानको अभाव तथा इन्टरनेटमा सहज पहुँचका कारण मोबाइलमा खेलिने खेलहरूमा नै उनीहरू बढी आकर्षित हुन्छन् । मोबाइलका स्क्रिनमा धेरै समय बिताउँदा उनीहरूको शारीरिक गतिविधि कम हुनाले शारीरिक विकासमा असर गर्नुको साथै उनीहरूको स्वभाव एकलकाँटे, अन्तर्मुखी र सङ्कुचित स्वभावका हुने गरेको देखिन्छ । उनीहरू सानो कुरामा पनि रिसाउने, झर्किने गर्दछन् । उनीहरूलाई सुरक्षित खेलौनासँग खेल्ने आदतको विकास गराउन आवश्यक रहेको मनोचिकित्सकहरूको धारणा छ ।

### लिडयुक्त खेलौनाको जोखिम

लिडयुक्त कक्षाकोठा र घरका धुलोहरू एवम् बालबालिकाको खेलौनामा लिड, पारो-मर्करीलगायतका उच्च स्तरका घातक रसायनहरूले उनीहरूको स्वास्थ्यमा दीर्घकालीन असर गर्दछ । विश्व स्वास्थ्य सङ्गठनले जनस्वास्थ्यमा असर पार्ने १० वटा रसायनहरूमध्ये लिडलाई प्रमुख रसायनको रूपमा पहिचान गरेको जनाएको छ । लिडको सम्पर्कबाट विश्वमा हरेक वर्ष १० लाख मानिसको मृत्यु हुने गरेको छ । विश्वभरि निम्न र मध्यम आय भएको मुलुकमा यस रसायनका कारण हरेक वर्ष ९७७ अर्ब डलरको क्षति हुने गरेको छ । लिडले खासगरी बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा असर पार्ने जनाइएको छ । अभिभावकले बालबालिकाको उमेर अनुसार खेलौना छान्नुपर्छ । खेलसँग हुने जोखिम, दुर्घटनाको बारेमा अभिभावक सचेत हुन जरुरी छ ।

लिडले मानिसको मुटु, स्नायु र प्रजनन प्रणालीमा समेत असर गर्दछ । बालबालिकाको शरीरमा लिडको मात्रा धेरै भएमा स्मरण शक्तिमा ह्रास आउने गर्दछ । ब्याट्री तथा रङमा प्रयोग भएका लिडले मानिसको पेट, टाउको, हड्डीमा समेत असर गर्दछ । अझ लिडले बालबालिकाको शारीरिक तथा मानसिक एवम् बौद्धिक विकासमा सिधै असर गर्दछ । मुलुकका ६५ प्रतिशत बालबालिकाको रगतमा लिड भेटिएको छ । अध्ययनमा एक डेसिलिटर रगतमा पाँच माइक्रो ग्रामभन्दा बढी लिड हुन नहुनेमा नेपालका बालबालिकाको शरीरमा सोभन्दा बढी पाइएको छ । सिफेडले सन् २०२१ मा गरेको अर्को अध्ययनमा देशको सातवटै प्रदेशबाट सङ्कलित ३७ पेन्ट्स उद्योगहरूका ६२ वटा इलामेल पेन्ट्समा लिडसम्बन्धी गरिएको परीक्षणमा सबैभन्दा बढी जोखिमयुक्त र प्राणघातक लिड, मधेस प्रदेशको रङ्ग उद्योगहरूबाट उत्पादित पेन्टसहरूमा पाइएको सिफेडले जनाएको छ । सातै प्रदेशबाट ३७ पेन्टस् उद्योगका नमूना सङ्कलन गरी ६२ विभिन्न रङका इनामेल पेन्ट्सका नमूनामा अध्ययन गर्दा ६२ मध्ये ३२ वटा अर्थात् ५२ प्रतिशतमा मात्र नेपाल सरकारले तोकिएको ९० पिपिएमभन्दा कम लिड र बाँकी ३० नमूना अर्थात् ४८ प्रतिशत पेन्ट्समा बढी लिडको मात्रा भेटिएको थियो । पेन्टमा लिडको मात्रा ९० पिपिएमसम्म हुनुपर्नेमा सबैभन्दा बढी २२ हजार ८५० अर्थात् मापदण्ड भन्दा २५४ गुणासम्म बढी लिड रहेको थियो । अध्ययनमा सम्मिलित कुल १७ वटा नेपाल गुणस्तर चिन्ह प्राप्त पेन्टहरूको नमूनामध्ये ११ वटा अर्थात ६५ प्रतिशत पेन्टमा मात्र मापदण्डमा तोकेको ९० पिपिएमभन्दा कम लिड पाइएको थियो भने छ वटा अर्थात ३५ प्रतिशतमा मापदण्डमा तोकेकोभन्दा बढी लिड पाइएको थियो ।

### लिडले कस्तो असर गर्दछ ?

लिडले रक्तनलीमा यसले रातो रक्त कोषिकाहरूलाई मार्दछ । फलस्वरूप विभिन्न अङ्ग तथा तन्तुमा रगतको कमी भई आवश्यक अक्सिजन पुग्न सक्दैन । मस्तिष्क र स्नायु प्रणालीको विकासमा अवरोध पुऱ्याउँछ । रक्तअल्पता यसको साधारण लक्षण हो । टाउको दुख्ने, पढ्ने, स्मरण शक्तिमा ह्रास आउने, मस्तिष्कको सन्तुलन बिग्रने, शरीरिक वृद्धिमा कमी आउने, बानी व्यवहारमा परिवर्तन हुने, श्रवण शक्ति गुम्ने जस्ता धेरै रोगहरू लिडका सम्पर्कका कारण हुने गर्दछ । लगातार लामो समयसम्म लिडको सम्पर्कमा रहँदा मृगौलाले राम्रोसँग काम नगर्ने सम्भावना पनि उत्तिकै रहने चिकित्सकहरूको भनाइ छ ।

यति मात्र होइन, पाचन प्रणालीमा असर, उच्च रक्तचाप, स्मरण शक्ति गुम्ने, मृगौलामा खराबी, मस्तिष्कमा असर, मांसपेशी तथा जोर्नीको समस्या, नशामा असर र मांसपेशीसँग सामञ्जस्यता बिग्रने आदि रोगहरू लिडकै कारण लाग्छन् । लिडले खासगरी बालबालिका तथा गर्भवती महिलालाई अझ बढी प्रभाव पार्ने गर्दछ । यसले उनीहरूमा नपुंसकता पनि ल्याउन सक्दछ ।

### मापदण्डमा के छ ?

बालबालिकाको स्वास्थ्यप्रति गम्भीर हुँदै विश्वका अधिकांश देशहरूले ऐन कानुन र मापदण्डहरू बनाएका छन् । नेपाल सरकारले पनि पेन्टमा लिडको नियन्त्रण एवम् नियमन गर्न २०७१ पौष ७ गते नेपाल राजपत्रमा सूचना जारी गरी २०७२ असार ५ गतेबाट प्रभावकारी रुपमा लागु हुने गरी नेपालमा आयात, उत्पादन, बिक्रीवितरण तथा प्रयोग हुने सबैखाले पेन्ट्सहरूमा लिड अर्थात् सिसाको अधिकतम मापदण्ड ९० पिपिएम तोकी कार्यान्वयन गरिरहेको छ ।

यसै मापदण्डलाई आधार मानेर शिक्षा विभागले २०७१ चैत्र १ गते सम्पूर्ण सरकारी तथा निजी विद्यालयलाई समेट्ने गरी गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरेको थियो । सो सूचनामा सर्वसाधारणको घर तथा विद्यालय भवन, फर्निचर, खेलौना, खेल सामग्री, खेल मैदान तथा अन्य भौतिक पूर्वाधारहरू रङ्गाउने रङ्गहरूमा पाइने लिडको असरलाई न्यूनीकरण गर्नका लागि सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयलाई बजारमा उपलब्ध लिड नमिसाइएको रङ्गहरू मात्र खरिद गरी प्रयोग गर्न गराउन भनिएको थियो तर यसको कार्यान्वयन कतै भएको देखिँदैन । केही उद्योगी तथा व्यवसायीहरूले मापदण्ड कमजोर पार्ने र प्रभावकारी कार्यान्वयन नगराउन दबाब दिने गरेको पाइएको थियो । २०७४ सालमा खेलौनाको बाध्यकारी मापदण्ड तोकी लागू भएलगत्तै केही व्यापारिक घरानाबाट दिएको दबाबका कारण खेलौनाहरूको मापदण्ड नै खारेज गरियो । मापदण्ड प्रभावकारी हुनु अगावै केही पेन्ट्स उद्योगीहरूले नेपाल सरकारले तोकेको पेन्टेमा लिडको मापदण्ड खारेज गराउन सर्वोच्च अदालतमा मुद्दासमेत हालेका थिए । तर, अदालतबाट उक्त मुद्दा खारेज गरी सरकारले तोकेको पेन्टेमा लिडको मापदण्ड ठीक छ, बाल स्वास्थ्य र वातावरणमैत्री छ भनी यसको प्रभावकारी कार्यान्वयन गर्न गराउन पनि आदेश भएको थियो । यसरी खेलौनाहरूमा हानिकारक रसायनहरूको प्रयोगलाई निरुत्साहित गरी बालबालिकाको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई कमजोर बनाउन खोज्नु गम्भीर अपराध हो । नेपालको संविधानद्वारा प्रदत्त स्वास्थ्यसम्बन्धी मौलिक हक र अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धिद्वारा प्रदत्त स्वास्थ्य र सुरक्षासम्बन्धी अधिकारको ठाडो उल्लङ्घन पनि हो ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

ओली, देउवा र प्रचण्ड मोडेलका नेताहरूको पार्टी अनुशासन भनेको आधुनिक दासता हो । दासता जति तोड्यो त्यति राम्रो । दासहरूले विद्रोह नगरेको भए दास युग सकिँदैनथ्यो । उनीहरूको स्वार्थमा जस्तो पनि गठबन्धन बन्ने भत्किने अरुलाई अनुशासन ? त्यस्तो अनुशासनको नर्कवास हुनैपर्छ ।



**- ओमकुमार थापा**

कांग्रेसको अबको सभापति प्रचण्ड नै हो कि क्या हो ? कांग्रेसको विशेष बैठकमा प्रमुख अतिथि प्रचण्ड भएपछि उनको लागि कांग्रेसमा नेतृत्वका लागि देउवाले ढोका खोलिदिएका हुन सक्छन् । विचरा युवा भन्ने एक हल महामन्त्रीद्वय देउवाको छायाँ देख्दासमेत बेहोस हुँदा रहेछन् यस्ताले के गर्लान् खै ?



**- निर्मल प्रसाइँ**

केदार कार्की गठबन्धनको मुख्यमन्त्री होइन, कोशीमा गठबन्धनको सरकार बनेको होइन, केन्द्रमा कोशी प्रकरण दोहोरिनु पर्छ, गगन थापा प्रधानमन्त्री हुनुपर्छ, रवि लामिछाने गृहमन्त्री बन्नुपर्छ, लोकतन्त्रमा तेस्रो दल भनेको अलोकप्रिय हो, तेस्रो दलको सरकार अलोकतान्त्रिक हुन्छ ।



**- दिल कुमार तामाङ**

जब-जब सिद्धान्त, आदर्श, मूल्य र नैतिकताको खडेरी पर्छ तब तमसुकको आवश्यकता पर्दो रहेछ । अनेकन विशेषण भरेर तमसुक लेखिन्छ, लेखाइन्छ । तर कार्यान्वयनको लागि फेरि पनि प्रतिबद्धता, नैतिकता र इमान्दारिता आवश्यक पर्छ । जो कहिल्यै देखिएन ।

## तपाईको राशिफल

मेष : व्यापारिक कार्यमा प्रगति हुनेछ । प्रभाव बढ्नेछ ।
वृष : पारिवारिक सहयोग राम्रो रहनेछ । जोखिम भएको काम गर्नु हुँदैन ।
मिथुन : सभा समारोहमा सहभागी हुनुपर्ने छ । नयाँ सम्बन्ध बन्नेछ ।
कर्कट : भाइ-बहिनीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्च हुने योग छ ।
सिंह : बाहन चलाउँदा सावधानी राख्नुपर्छ । स्वास्थ्य लाभ हुनेछ ।
कन्या : घरेलू कार्यमा अनावश्यक खर्च हुन्छ । पुरानो कार्य बन्नेछ ।
तुला : जिद्दिमा वृद्धि हुनेछ । अशान्तिको कारण तनाव हुनेछ ।
वृश्चिक : लामो यात्राको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
धनु : नौलो मित्र बन्नेछन् । मनोबल उच्च रहनेछ ।
मकर : यात्रा सफल हुनेछ । सभा समारोहमा सहभागी हुनुपर्नेछ ।
कुम्भ : स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछन् ।
मीन : अनावश्यक कार्यमा समय नष्ट हुनेछ । स्वास्थ्य राम्रो हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बहसमा भूमिसुधार

विचार



● ज्योतिलाल वन

> *यो देशको अधिकांश उर्वर भूमि राज्य संयन्त्रमा रहेका र यसभन्दा बाहिर रहेका उच्च वर्गको स्वामित्वमै छ । अन्य वैध र अवैध पेशा व्यवसायबाट कुस्त कमाइ गर्ने यिनीहरूका लागि कृषि उत्पादनबाट हुने नगन्य आम्दानी महत्वहीन बनेको छ । देशमा ठूला भूस्वामीअन्तर्गत पनि यिनीहरु नै पर्दछन् ।*

नेपालको राज्य संयन्त्र (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका)को नेतृत्व तहमा अहिले पनि उच्च वर्गकै बाहुल्यता छ र यिनको पक्षधरता पनि उच्च वर्गतर्फ नै रहेको पाइन्छ । यो देशको अधिकांश उर्वरक भूमि राज्य संयन्त्रमा रहेका र यसभन्दा बाहिर रहेका उच्च वर्गको स्वामित्वमा छ । अन्य वैध र अवैध पेशा व्यवसायबाट कुस्त कमाई गर्ने यिनिहरुका लागि कृषि उत्पादनबाट हुने नगन्य आम्दानी महत्वहीन बनेको हुन्छ तर, पनि ठूला भूस्वामीअन्तर्गत यिनीहरू नै पर्दछन् । नेपालको कुल जनसङ्ख्याको लगभग तीन प्रतिशत रहेका यिनीहरूको स्वामित्वमा शहरी क्षेत्रका अति उच्च मूल्यका घरघडेरी लगायत उर्वरक (अब्बल) खेतीयोग्य जमिन लगभग १७ प्रतिशत रहेको छ । उच्चस्तरीय भूमिसुधार आयोग-२०६८लाई हेर्दा पनि यी कुरा प्रष्ट हुन्छ ।

अर्कोतिर कुल जनसङ्ख्यामा लगभग १५ प्रतिशत आफ्नो स्वामित्वमा कत्ति पनि जमिन नभएका भूमिहीनहरु छन् भने आफ्नो स्वामित्वको जमीनले ३.४ महिना पनि खान नपुग्ने गरीब किसानहरू लगभग ४५ प्रतिशत रहेका छन् । जसको स्वामित्वमा १५ प्रतिशतभन्दा बढी भूमि छैन । बाँकी ३५ प्रतिशत मध्यम तहका किसानहरु रहेका छन् ।

विद्यमान यो खाले यथास्थितिमा भूमिलाई चक्लाबन्दीसहित सहकारीकरणमा लगि व्यवसायिक कृषि उत्पादनको थालनी गर्ने हो भने यदि यो अभियान उद्देश्यअनुसार अगाडि बढाउन सकिएमा यसको सबैभन्दा बढी लाभ लिने वर्गमाथि उल्लेख गरेको उच्च वर्ग (धनी किसानदेखि ठूला भूस्वामीहरु) नै हुनेछन् । सबैतिर हालीमुहाली र नियन्त्रण तिनकै हातमा छ । मध्यम तहका किसानहरू वर्तमानमा भन्दा केही बढी लाभान्वित हुन सक्ने सम्भावना छ । तर लगभग ६० प्रतिशत रहेका गरीब र भूमिहीन किसानहरुका लागि यथास्थितिमा यो अभियान 'कागलाई बेल बराबर' हुनेछ । उनीहरूमध्ये अधिकांश उत्पादन उपकरण (मजदुर) मात्र हुनेछन्, उच्च र मध्यम किसानको आदेश निर्देशमा उत्पादन कार्य गर्ने ज्यालादार मजदुर ।

यथास्थितिमा यदि यो अभियान कार्यान्वयनमा जान सक्यो भने सोंचेभन्दा ठिक उल्टो परिस्थिति सिर्जना हुनेछ । यसले क्रान्तिकारी वा समतामूलक भूमि सुधार हुन दिने छैन । सामूहिक उत्पादन प्रणालीमा सहभागी उच्चदेखि मध्यमसम्मका किसानहरू यस्तो भूमिसुधारको विपक्षमा उत्रने छन् । यसले यस्तो भूमिसुधारको योजनालाई शिथिल प्रायः बनाई दिनेछ । जसरी व्यवसायिक कृषि उत्पादनमा लागेका पूँजीवादी मुलुकहरूमा देखिएको छ ।

नेपालको सन्दर्भमा समतामूलक (क्रान्तिकारी) भूमिसुधार गर्ने आँट गर्दा रक्तपात नै होला भन्ने देखिन्न । सामन्तवादी उत्पादन सम्बन्ध र एकदलीय निरंकुश राजतन्त्रात्मक राज्यव्यवस्था भएको पञ्चायतकाल (वि.सं.२०२१ ) मा त एक हदसम्मको भूमिसुधार बिनारक्तपात सम्भव भयो भने वर्तमानको लोकगणतन्त्रमा त्यो असम्भव होला भन्न सकिन्न । तथापि, सरकारलाई सहमत गराउने दवाव सिर्जनाका लागि सशक्त किसान आन्दोलनको भने नितान्तः आवश्यक छ । यस्तो आन्दोलनको उठान सहज भने छैन ।

हो, यदि समतामूलक किसिमले भूमिको वितरण हुन सक्यो भने सहकारी वा सामुहिक कृषिउत्पादन प्रणाली अपरिहार्य आवश्यक बन्नेछ र यो निकै लाभदायी हुन सक्नेछ । यस सम्बन्धमा सम्बन्धित विज्ञहरूबीच विचार तथा अन्तरक्रिया चलाउन आवश्यक छ । कसरी जाने, के गर्ने भन्ने बारेमा पक्कै पनि त्यहाँबाट निचोड निस्कने छ ।

# हवाई हमलामा हमासका वायु सेना प्रमुख मारिएको दाबी



**काठमाडौं/एजेन्सी–** शुक्रबार राति गरिएको हवाई आक्रमणमा हमासको वायु सेना प्रमुख मुराद अबु मुराद मारिएको इजरायली वायु सेनाले बताएको छ । हमासले गाजा पट्टीस्थित उसको हवाई गतिविधि व्यवस्थापन गर्ने मुख्यालयलाई आक्रमणमा निशाना बनाइएको इजरायली वायु सेनाले उल्लेख गरेको छ ।

इजरायली वायु सेनाले मुराद अबु मुराद गत शनिबारको नरसंहारमा आतंकवादीहरूलाई निर्देशन दिनका लागि धेरै हदसम्म जिम्मेबार रहेको बताएको छ । 'साथै पछिल्लो दिनमा वायु सेनाको लडाकु जेटहरूले हमास आतंकवादी संगठनको मुख्यालयमा आक्रमण गरे जहाँबाट उक्त संगठनको हवाई गतिविधि व्यवस्थापन हुन्थ्यो,' सामाजिक सञ्जाल एक्समा एक पोस्ट राख्दै इजरायली वायु सेनाले भनेको छ, 'शनिबारको घातक हमलामा आतंकवादीहरूलाई निर्देशन दिनेमध्येका एक गाजा सहरमा हवाई सेनाका प्रमुख मुराद अबु मुराद पनि हवाई आक्रमणमा मारिएका छन् ।'

शुक्रबार राति भएको अर्को छुट्टै आक्रमणमा इजरायली वायु सेनाले गत शनिबार हमासले गरेको आक्रमणका क्रममा इजरायलमा घुसपैठ गर्ने हमास कमाण्डो फौजसँग सम्बन्धित दर्जनौं स्थानमा आक्रमण गरेको बताएको छ । आतंकवादी संगठनविरुद्ध इजरायललाई रक्षा गर्ने क्रममा इजरायली वायु सेना र इजरायली प्रतिरक्षा फौजले आक्रमणलाई जारी राखेको बताइएको छ ।

इजरायली प्रतिरक्षा फौज (आईडीएफ) का प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कनरिकसले गाजा पट्टीका जनताले इजरायली सेनाको चेतावनी सुनिरहेको र सही काम गरिरहेको शनिबार बताएका छन् । उनका अनुसार प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूपमा दक्षिणतिर जान थालेका छन् ।

'हामीले प्यालेस्टिनी नागरिकहरू उल्लेखनीयरूमा दक्षिणतिर जान सुरु गरेको देखेका छौं, हाम्रो चेतावनीलाई सर्वसाधारणले सुनिरहेको देखेका छौं, उनीहरूले चलाखीपूर्वक काम गरिरहेका छन्, खतरनाक क्षेत्रबाट बाहिर निस्किरहेका छन् र उनीहरूको परिवारका लागि यो सही हो भन्ने बुझेका छन्,' उनले भने ।

शुक्रबार इजरायली सेनाले गाजा सहरबाट बाहिर निस्कन सर्वसाधारणलाई आह्वान गरेको थियो । आईडीएफले युद्धमा सर्वसाधारण प्रभावित नहोउन् भन्ने चाहना व्यक्त गरेको थियो । आईडीएफले हमास र उसका सैन्य पूर्वाधारहरूमा हमला गर्न गइरहेको बताएको थियो ।

'हामीले हाम्रो मनसायलाई पहिले नै बतायौं किनकी यसमा कुनै सैन्य तर्क थिएन तर यद्धबाट सर्वसाधारण प्रभावित हुनु नपरोस् भन्ने हामी चाहन्छौं,' उनले भने, 'हामीले युद्धमा सर्वसाधारणलाई त्यहाँ समावेश गरेका छैनौं र तिनीहरू हाम्रा शत्रु होइनन्, हामी कुनै पनि सर्वसाधारणलाई मार्ने वा घाइते बनाउने प्रयास गरिरहेका छैनौं, हामी हमास र उसका सैन्य पूर्वाधारहरूसँग लडिरहेका छौं, जहाँ हामीले गाजा पट्टी र गाजा पट्टीका उत्तरी भागलाई लक्षित गरेका थियौं ।'

लेफ्टिनेन्ट कर्णेल कनरिकसले उत्तरी गाजाबाट प्यालेस्टिनीहरूलाई बाहिर जानबाट रोक्न हमासले प्रयास गरिरहेको बताए । 'अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार सन्देश र चेकपोइन्टका माध्यमबाट हमासले प्यालेस्टिनी नागरिकहरूलाई उक्त क्षेत्र खाली गर्नबाट रोक्ने प्रयास गरिरहेको छ, मलाई लाग्छ यो शंकास्पद छ ।' उनले आफ्नै सुरक्षाका लागि प्यालेस्टिनीहरूले चाँडोभन्दा चाँडो उक्त क्षेत्र खाली गर्ने आशा व्यक्त गरे ।

# भारत र श्रीलंकाबीच ४० वर्षपछि डुंगा सेवा पुनः सञ्चालन




**काठमाडौं/एजेन्सी–** भारत र श्रीलंकाले ४० वर्षपछि डुंगा सेवा शनिबारदेखि पुनः सञ्चालन गरेका छन् । भारतको तमिलनाडु राज्यको पूर्वी तटमा रहेको नागापट्टिनम र श्रीलंकाको उत्तरी प्रान्तको जाफना नजिकै कान्केसानथुराईबीच यो सेवा शुरु गरिएको हो ।

भारतका बन्दरगाह, पानीजहाज तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले नागापट्टिनम बन्दरगाहमा सेवा सञ्चालन खुला भएको संकेतस्वरूप डुंगालाई हरियो झण्डा देखाएर डुंगामा आएका यात्रीलाई स्वागत गरेका थिए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमबाट उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्रीलंकाका राष्ट्रपति, सरकार र त्यहाँका जनतालाई नौका सेवाको सफल शुभारम्भका लागि धन्यवाद दिएका थिए । उनले भारतको रामेश्वरम र श्रीलंकाको तलैमन्नारबीच नौका सेवा पुनः सञ्चालन गर्ने दिशामा काम गर्नेबारे पनि चर्चा गरे ।

सिपिङ कर्पोरेसन अफ इन्डियाले सञ्चालन गरेको उच्च गतिको डुंगाको क्षमता १५० यात्रु रहेको छ । नागपट्टिनम र कान्केसानथुराईबीचको करिब ६० नटिकल माइल (११० किलोमिटर) को दूरी समुद्रको अवस्थाअनुसार करिब ३.५ घण्टामा पूरा हुने अधिकारीहरूले बताएका छन् । पचास यात्रु लिएर श्रीलंकाका लागि छुटेको 'चेरियापानी' जहाज साँझपख श्रीलंकाबाट यात्रु लिएर भारत फर्कने छ ।

# अफगानिस्तानका भूकम्प प्रभावितलाई राहत सामग्री



**काठमाडौं/एजेन्सी–** अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट सोसाइटी महासंघ (आइएफआरसी) का एसिया प्रशान्त क्षेत्रीय निर्देशक अलेक्जेन्डर माथिअसले पश्चिमी अफगानिस्तानको हेरात प्रान्तका भूकम्प प्रभावित मानिसको स्थिति अत्यन्त दयनीय रहेको उल्लेख गर्दै उनीहरूलाई सहयोग जारी रहने बताएका छन् ।

निर्देशक म्याथियसले भने, 'हामी आगामी दिनमा पनि राहत सामग्री वितरण जारी राख्नेछौं, अल्पकालका लागि भूकम्प प्रभावित जनतालाई उपयुक्त आश्रयस्थलबारे काम गर्न हामी अफगान रेड क्रिसेन्टसँग काम गर्ने हाम्रो योजना छ ।' आइएफआरसीले यसअघि नै लत्ताकपडा, गैरखाद्य सामग्री र स्वास्थ्य किटहरू उपलब्ध गराइसकेको र अब प्रभावित परिवारहरूलाई थप सहयोगको आवश्यकता रहेको उनले बताए । प्रभावित क्षेत्र हेरातको स्थलगत अनुगमन गर्नुभएका माथिअसले भूकम्प प्रभावितहरूलाई घर निर्माण तथा दीर्घकालीन जीवनयापनका लागि थप सहयोगको आवाश्यकता रहेको बताए ।

गत शनिबार पश्चिमी अफगानिस्तानको हेरात प्रान्तको जान्दा जान जिल्लामा केन्द्रविन्दु बनाएर छ दशमलव दुई म्यागिनच्युडको भूकम्प तथा त्यसपछि पराकम्पहरू गएका थिए । सरकारी स्रोतका अनुसार भूकम्पमा परी कम्तीमा दुई हजार ५३ जनाको मृत्यु तथा हजारौं घाइते भएका छन । यसैगरी दुइ हजार भन्दा बढी घर ध्वस्त भएका छन् ।

यसैगरी बुधबार हेरातमा छ दशमलव तीन रिक्टर स्केलको अर्को भूकम्प जाँदा एक जानको मृत्यु भएको र एक सय ५० भन्दा बढी घाइते हुनुका साथै भौतिक सम्पत्तिमा समेत क्षति पुगेको सरकारी स्रोतले जनाएको छ ।

'मानिसहरूलाई खाना,पानी, चिकित्सा शिविर आवश्यक छ, यो नागरिकका लागि अत्यन्तै नाटकीय दुःखद विपत्ति हो,' उनले भने । भूकम्प पीडितको समस्या समाधानका लागि अफगानिस्तान रेड क्रिसेन्ट सोसाइटीले गरेको योगदानको प्रशंसा गर्दै उनले रेडक्रस विपत्मा उपस्थित हुने पहिलो संस्था भएको बताए ।

# पाकिस्तानमा बन्दुकधारीद्वारा ६ निर्माण मजदुरको हत्या




**काठमाडौं/एजेन्सी–** पाकिस्तानको अशान्त दक्षिण पश्चिम प्रान्त बलुचिस्तानमा बन्दुकधारीहरूले छ जना निर्माण मजदुरको हत्या गरेका छन् । बन्दुकधारीहरूले रातको समयमा मजदुरहरूको गोलीहानी हत्या गरेको पाकिस्तानी प्रहरीले शनिबार बताएको छ ।

उक्त प्रान्तको राजधानी क्वेटाबाट करिब तीन सय ७७ माइल दक्षिण पश्चिममा पर्ने तुर्बात सहरमा बन्दुकधारीले आठ जना निर्माण मजदुरमाथि गोली चलाएको प्रहरी अधिकारी हिदायातुल्लाह दास्तीले जानकारी दिए । उनका अनुसार घाइते दुई जनालाई अस्पताल पुऱ्याइएको छ ।

अधिकारीका अनुसार मजदुरहरू सहरको निजी निवास निर्माण परियोजनामा संलग्न रहेका थिए । आक्रमणको तत्काल कुनै समूहले पनि जिम्मा नलिएको पनि उनले बताए । करिब दुई दशकदेखि केन्द्र सरकारबाट बलुचिस्तान लिबरेसन आर्मी र अन्य पृथकतावादी समूहहरूले स्वतन्त्रताको माग गरेसँगै बलुचिस्तान निम्नस्तरीय विद्रोह स्थल भएको छ । बलुचहरूले प्राय पञ्जाबका मानिसहरूलाई पनि निशाना बनाउँछन् । यसअघि पञ्जाबी र सिन्धीहरू मजदुरहरू निशानमा पर्थे ।

# अस्ट्रेलियामा आदिवासीलाई बढी अधिकार दिने प्रस्तावको विपक्षमा मतदान



**काठमाडौं/एजेन्सी–** अस्ट्रेलियाले विभाजनकारी र जातीय तान्त्रिक जनमत संग्रह अभियानपछि देशको १२२ वर्ष पुरानो संविधान संशोधन गर्ने योजनालाई चौतर्फी रूपमा अस्वीकार गरेको छ ।

करिब ९० प्रतिशत मतदान स्थलको मतगणना सकिँदासम्म लगभग ५९ प्रतिशत नागरिकहरूले पहिलो पटक सन् १९०१ को संविधानमा आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डर्सलाई मान्यता दिने प्रस्तावको विपक्षमा बहुमत आएको छ ।

यी सुधारहरूमा आदिवासी समुदायलाई असर गर्ने कानूनहरूको तौल गर्न र गहिरो सामाजिक र आर्थिक असमानतालाई सम्बोधन गर्न मद्दत गर्न संसदको लागि ' आवाज' नामक एक परामर्श निकाय पनि सिर्जना गर्ने प्रस्ताव गरिएको थियो ।

अक्सर द्वेषपूर्ण अभियानले तथाकथित लक्की कन्ट्रीमार्फत चलिरहेको गहिरो जातीय दोष रेखाहरू उजागर गऱ्यो । प्रधानमन्त्री एन्थोनी अल्बानीसले प्रस्तावको पक्षमा मतदानका लागि अभियान चलाएका थिए र विभाजित राष्ट्रलाई अब 'एकता र उपचारको भावना'का साथ एकजुट हुन आग्रह गरेका थिए ।

जनमत संग्रहलाई समर्थन गर्ने बहुसंख्यक आदिवासी अस्ट्रेलियालीका लागि यो हार 'भारी बोक्न कठिन' र 'सहन निकै कठिन' हुने उनले बताए । 'भोलिदेखि हामी त्यो महान अष्ट्रेलियाली कथाको अर्को अध्याय लेख्न थाल्नेछौं र अनि मेलमिलाप त्यस अध्यायको एउटा भाग हुनुपर्छ भन्ने कुरालाई हामी सँगै लिपिवद्ध गर्नेछौं ।'

हाउस अफ रिप्रेजेन्टेटिभ्समा निर्वाचित पहिलो आदिवासी महिला आदिवासी अस्ट्रेलियाली मन्त्री लिन्डा बर्नीले जनमतसङ्ग्रहको नतिजाबारे भने, 'आजको दिन दुःखको दिन हो ।'

आदिवासी अस्ट्रेलियालीहरूले श्वेत बहुमतले देशको रक्तरंजित औपनिवेशिक अतीतको गणनाको आह्वानलाई अस्वीकार गरेकोमा आक्रोश व्यक्त गरेका छन् । ' यो एक कठिन परिणाम हो, यो धेरै कठिन परिणाम हो,' येस-२३ नाम दिइएको पक्षको अभियानका निर्देशक डीन पार्किनले भने । यसबाट फर्किने माहोल सिर्जना गर्न सक्दो प्रयास गर्ने उनले बताए ।

# चीनमा प्राकृतिक ग्यास खपतमा वृद्धि

**काठमाडौं/एजेन्सी–** चीनमा पछिल्लो आठ महिनामा प्राकृतिक ग्यास खपतमा वृद्धि भएको छ । हरित विकास हासिल गर्ने प्रयासका साथ सन् २०२३ को पहिलो आठ महिनामा चीनको प्राकृतिक ग्यासको खपत निरन्तर बढेको चीनको आर्थिक योजनाको तथ्यांकले देखाएको छ ।

चिनियाँ विकास तथा सुधार आयोगका अनुसार जनवरीदेखि अगस्टको अवधिमा प्राकृतिक ग्यासको खपत वार्षिक सात दशमलव चार चार प्रतिशतले बढेर दुई सय ५९ दशमलव ८१ अर्ब घनमिटर पुगेको छ । तथ्यांकअनुसार अगस्टमा मात्र प्राकृतिक ग्यासको खपत ११ दशमलव एक प्रतिशतले बढेर ३२ अर्ब ६८ करोड घनमिटर पुगेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०६/२८**

**गोल्डेन लाइट प्रा.लि.** को मिति २०७६/०३/२१ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कालि आश्रम रिट्रिट सेन्टर प्रा.लि. (Kali Ashram Retreat Centre Pvt Ltd) (प्रा.लि. नं.: १४२००१)** कायम गर्ने गरी मिति २०७६/०४/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/२८**

**ह्वाइट हाउस कलेज अफ बिजनेश एण्ड टेक्नोलोजी प्रा.लि.** को मिति २०८०/०५/०७ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काव्य एकेडेमी प्रा.लि. (प्रा.लि. नं.: १०९५१४)** कायम गर्ने गरी मिति २०८०/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**QATAR मा रोजगार** | कम्पनी : **CAPE EAST LIMITED CO.**
शहरः **DOHA**

पुर्व स्वीकृत मितिः २०८०/०६/२६ चलानी नं.: ६०२०९१२४ L.T. No.: 294001

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 4 | 0 | सम्बन्धित काममा दक्ष | 4000 | १४५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 2200 | ८०,१६८ | | | | | | | |
| 3. | Petrochemicals | 284 | 0 | | 1100 | ४०,०८४ | | | | | | | |
| 4. | Safety & Health Technician | 2 | 0 | | 2600 | ९४,७४४ | | | | | | | |
| 5. | Foreman | 7 | 0 | | 2500 | ९१,१०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कातिक ५ गते (22 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Gulf Manpower Services Pvt. Ltd.**
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४८/०४९

**इलेक्ट्रो पावर कम्पनी लिमिटेड**
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–०१, नक्साल, काठमाडौं**
**फोनः ०१-४४४४९४७ ईमेलः** electropower040@gmail.com

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित : २०८०/०६/२८**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस इलेक्ट्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०६/२६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८० साल कात्तिक १९ गते आइतबार (तदनुसार सन् २०२३ नोभेम्बर ५)**
**समय : बिहानको ठिक १०:०० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा–०१, नक्साल, काठमाडौं ।**

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालकहरुको पारिश्रमिक तथा बैठक भत्ता अनुमोदन तथा निर्धारण गर्ने सम्बन्धमा ।
५. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा ।

**(ख) विविध :**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८०/०७/१३ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, नक्साल, काठमाडौंमा फोन नं. ०१-४४४४९४७ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**प्रशासकिय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
२८ असोज २०८०, आइतबार
15 October 2023, Sunday

# बक्स अफिस समाचार

## 'अहिले बन्ने चलचित्रमा बढी यथार्थ खोजिन्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज

महाभूकम्प र कोभिडले थला परेको सिनेमा क्षेत्र बिस्तारै पुरानै लयमा फर्कने क्रममा छ। नेपाली सिनेमा पनि सुदृढ बन्न थालेको छ। निर्माण क्रम बढ्न थालेको छ, चलचित्र छायाँकन स्थल पनि बढ्न थाले। चलचित्रको व्यापार पनि बिस्तारै बढ्न थल्यो। पुराना निर्माताहरु सिनेमामा लगानी गर्न पछि हटिरहेको अवस्थामा नयाँ जोस र जाँगरका साथ युवा निर्माता प्रलाद सिलवाल दुई करोडको लगानीमा चलचित्र 'नागरिक' निर्माणमा जुटेका छन्। जसको लोकेशन र कलाकार छनोट कार्य भइरहेको छ।

विगतमा चलचित्र 'खुला आकाश' र 'पसले'मा लगानी गरेका निर्माता प्रलाद सिलवालको 'नागरिक' महत्वकांक्षी सिनेमा हो। आम नागरिकलाई देशको वर्तमान राजनीतिक अवस्था र राजनीतिक पार्टीबीचको द्वन्द्व र खिचातानीका कारण देशवासीले भोग्नु परिरहेको जटिल समस्यालाई सुष्मरुपले अध्यायन गरी चलचित्रको विषय छनोट गरिएको कारण मनोरञ्जनसँगै चलचित्र 'नागरिक'मार्फत आम जनतामा चेतना अभिवृद्धिमा मद्दत पुग्ने कुरामा निर्माता सिलवाल विश्वस्त छन्। सामाजिक विषय र बदलाको



कथा कयौं चलचित्रमा देखिए। किनकि ती दर्शकमार्फत अनुमोदित विषय थिए। त्यसलाई धेरै समयसम्म निर्देशक र पटकथाकारले परिवर्तन गर्न खोजेनन्। बजारकै अनुसार चलचित्र निर्माण भइरहेको बताउने निर्माता सिलवाल दर्शकलाई भिन्न स्वादको अनुभूति हुने खालको चलचित्र बन्नु पर्नेमा जोड दिन्छन्।

त्यतिबेला फरक किसिमका चलचित्रले प्रदर्शनमा सहजता पाउथेनन्, गीत, द्वन्द्व र काल्पनिक कथा भएका चलचित्र दर्शकको रोजाइमा पर्थे। दर्शक फेरिएपछि चलचित्रको निर्माण फेरियो। अहिले बन्ने चलचित्रमा बढी यथार्थ खोजिन्छ, त्यो समय काल्पनिक कथा रोजाइमा पर्ने गरेको उनको बुझाइ छ। मौलिक विषयवस्तुले चलचित्रमा स्थान पाएसँगै निर्माण शैलीमा परिवर्तन आएको बताउने सिलवाल भन्छन् 'पर्दामा नेपालीपन, मौलिकता र संस्कृतिले स्थान पाएका छन्। हामीसँग भएको कथालाई पर्दामा उतार्न पाएका छौं, राम्रा मानिएको चलचित्रले स्वदेशी बजारको मात्रै भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ, चलचित्र राम्रो बनाउन सके व्यावसायिकरूपमा विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्न सकिने क्वालिटीको सिनेमा बनाउने लक्ष्य अनुरुप 'नागरिक' हुनेछ।'

## 'राजागञ्ज'लाई नर्वेको सोर्फोन्डबाट ७६ लाख पुरस्कार



**काठमाडौं/मस-** निर्देशक दीपक रौनियारद्वारा निर्देशित नयाँ चलचित्र 'राजागञ्ज : द स्काइ इज माइन'लाई नर्वेजियन फिल्म इन्स्टिच्युटको सोर्फोन्डबाट ७६ लाख ५२ हजार रुपैयाँ (५७ हजार छ सय अमेरिकी डलर) प्राप्त भएको छ। 'हाइवे' र 'ह्वाइट सन' जस्ता नेपाली चलचित्र निर्देशन गरेर विश्वभरका चर्चित महोत्सवमा सहभागिता जनाउन सफल भएका निर्देशक रौनियारले यसपटक मधेशको कथालाई प्रस्तुत गरेका छन्।

नेपालबाट निर्माण भएको नेपाली चलचित्र भएता पनि 'राजागञ्ज : द स्काइ इज माइन' नर्वेजियन सहनिर्माता रहेका छन्। निर्देशक रौनियार, डेभिड बार्कर र आशा मगरातीले संयुक्तरुपमा लेखेको चलचित्रमा गहुँगोरो वर्णकी महिला जासुसको कथा देखाइएको छ। सार्वजनिक कथासारअनुसार उक्त महिला जासुस हिंसा भड्किएको सहरबाट काम थाल्छिन्। दुई गहुँगोरो वर्णका युवकले फिरौती मागेपछि अपहरणमा हुन्छन् र उनीसँग दुई दिनको मात्र समय छ। उक्त कथालाई जनकपुरको सेटअपमा (पृष्ठभूमिमा) भनिएको छ।

चलचित्रमा दयाहाङ राई, निकिता चण्डक, आशा मगराती, पशुपति राई, ऋचा शर्मा, विजय बराल, गौमाया गुरुङलगायतका कलाकारले अभिनय गरेका छन्। नेपालमा निर्माण सहकार्यमा जोडिएको बाँसुरी फिल्मले यो उपलब्धिले स्थानीय कथा भन्न प्रोत्साहित गर्ने विज्ञाप्तिमार्फत जानकारी दिइएको छ।

## 'कौसीद'को ६ मिनेटको क्लाइमेक्स दृश्य काटियो

**काठमाडौं/मस-** चलचित्र जाँच समितिले फिल्म 'कौसीद'को ६ मिनेट लामो क्लाइमेक्सको दृश्य काटेर प्रदर्शन अनुमति दिएको छ। समितिले फिल्मको क्लाइमेक्स परिवर्तन नगरे सेन्सर पास नै नगर्ने बताएपछि आफूहरूले बाध्य भएर फिल्मको कथा नै परिवर्तन गर्नुपरेको निर्माता केदार भुसालले बताए।

शिक्षकले घुस खाएको सन्दर्भमा कैंची चलाएर फिल्मले युनिभर्सल सर्टिफिकेट पाएको हो। निर्माता भुसालले क्लाइमेक्सको दृश्य काटेर फिल्मको नयाँ लम्बाइ ८६ मिनेट तय भएको जानकारी दिए। जाँच समितिले कि रिसुट नभए परिमार्जन गर्न भनेको भन्दै उनले समस्या सिर्जना भएको दृश्य नै काटेर फिल्म चलाउनु परेको बताए। जाँच समितिले क्लाइमेक्सको दृश्यमा शिक्षक पात्रले घुस खाएकोप्रति आपत्ति जनाएको उनले जानकारी दिए। जाँच समितिले उक्त दृश्य




राख्दा नीतिगतरुपमै कर्मचारीमाथि औंला ठडाएजस्तो र जिन्दगी चलाउन घुस खाएर परिवारलाई खुसी राखेकोजस्तो देखियो भनेपछि दृश्य काटिएको उनको भनाइ थियो। सेन्सर रोकिएपछि फिल्मका शुक्रबार बिहानी र दिउँसोका सो प्रभावित भएका थिए।

## मिलापद्वारा विभिन्न व्यक्तित्व सम्मानित

**काठमाडौं/मस-** मिलाप मासिकले बिहीबार काठमाडौंमा एक विशेष समारोहको आयोजना गर्दै दशैं २०८० को शुभकामना आदान, प्रदान एवम् स्रष्टा सम्मान समारोह सम्पन्न गरेको छ। प्रथम उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यता तथा मिलाप मासिकका प्रधान सम्पादक, प्रकाशक कृष्ण भुसालको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो।

विशिष्ट कलाकार लय संग्रौला, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, वरिष्ठ संगीतकार राजु सिंह, वरिष्ठ गायक सीताराम पोखरेल, कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, गायक शिशिर योगीलगायतकाको आतिथ्यता रहेको कार्यक्रममा कीर्तिमानी गीतकार डा. डीआर उपाध्यायलाई 'टीका गोपाल गीतसंगीत विशेष सम्मान २०८०' प्रदान गरिएको थियो। समारोहमा वरिष्ठ साहित्यकार खेमनाथ दाहाल, वरिष्ठ गीतकार अमर वान्तु र अम्बिका गुरुङलाई 'मिलाप राष्ट्रिय विशेष व्यक्तित्व सम्मान' अर्पण गरिएको थियो।

कार्यक्रममा पहिलो महिला निर्देशक सुचित्रा श्रेष्ठ, निर्माता, निर्देशक रोशनी केसी, गीतकार कवि प्रकाश सुवेदी, निर्देशक कलाकार शेखर खनाल, भिडियो सम्पादक निर्देशक निशानबाबु घिमिरे, अन्तर्राष्ट्रिय मोडल दीपक घिमिरे, गीतकार प्रदीप पाण्डे, साहित्यकार जनक रावल, गीतकार समीर राई, साहित्यकार रमेश दाहाल, गायक चित्रकार सुरेन्द्र महर्जन, व्यवसायी




प्रमोदप्रसाद चौधरी, साहित्यकार समाजसेवी शैलेन्द्र चापागाईं, गीतकार गणेश घिमिरे, चर्चित टाटु आर्टिष्ट सुमिना श्रेष्ठ र चाँदनी कुँवर, ब्युटिसियन सुनिरा श्रेष्ठ, रिता दुलाललाई विशेष सम्मान प्रदान गरिएको थियो।

यस्तै पत्रकार सूर्य चन्द, अक्कल कुँवर, लेखनाथ पोखरेल, सुमित रजक र रमेश बोहोरालाई मिलाप पत्रकारिता सम्मान प्रदान गरिएको थियो। मिलाप मासिककी कार्यकारी सम्पादक तथा कार्यक्रम संयोजक गीता अधिकारीले स्वागत मन्तव्य राखेको कार्यक्रममा वरिष्ठ संगीतकार राजु सिंह, साहित्यिक पत्रकार संघ नेपालका अध्यक्ष राधेश्याम लेकाली, गायक सीताराम पोखरेल, गायक, संगीतकार कन्हैया सिंह, कोरियोग्राफर, मोडल जयन सुब्बा मानन्धर, विशिष्ठ कलाकार लय संग्रौला, साहित्यकार खेमनाथ दाहाललगायतले बडादशैंको शुभकामना मन्तव्य राख्दै मिलापले गरेका कार्यको प्रशंसा गरेका थिए। दीपा तामाङ र प्रनिता खड्काले नृत्य प्रस्तुत गर्नुभएको कार्यक्रममा वर्षभरि मिलापको कभरमा आएका स्रष्टालाई कभर सम्मान अर्पण गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि प्रथम उपराष्ट्रपति झा, सञ्चारकर्मी दिपज्योती थापा, नृत्यकार खडका र तामाङ एवं रमेश थापालाई मायाको चिनो प्रदान गरिएको थियो।

## 'डान्स योद्धा'को घोषणा, भोटिङ नराखिने

**काठमाडौं/मस-** टेलिभिजन रियालिटी शो 'द डान्स योद्धा : ब्याटल अफ मुभ्स'को घोषणा गरिएको छ। तीन चरणमा विभाजन गरिएको शोको काठमाडौंमा आयोजित एक कार्यक्रमबीच औपचारिक घोषणा गरिएको हो।

शुभम् भुजेलले यो शोको निर्देशन गरिरहेका छन्। निर्देशक भुजेलका अनुसार अहिले शोको पहिलो चरणको काम डिजिटल अडिसन लिने काम भइरहेको छ। मंसिर पहिलो हप्तापछि यो रियालिटी शोको सेमिफाइनल राउण्डको सुरुवात हुनेछ। यही राउण्डबाट शो टेलिभिजनमा समेत प्रसारण हुनेछ।

अहिले विभिन्न टेलिभिजन च्यानलसँग कुरा भइरहेकाले कुन च्यानलबाट प्रसारण हुने पक्का भइसकेको छैन। चाँडै टेलिभिजन



च्यानल, डिजिटल पार्टनर र शोका विजेताले पाउने पुरस्कार राशि घोषणा गरिने प्रोजेक्ट संयोजक मानव सिवाकोटीले बताए। यो रियालिटी शो नेपालमा बनिरहेका अन्य शोभन्दा भिन्न हुनेछ। शोको उद्देश्य नेपालमा रहेका कच्चा र प्रयोग नभएका अर्थात् लुकेका प्रतिभालाई प्रोत्साहन गर्ने रहेको निर्देशक भुजेलले बताए। साथै अन्य शोहरु भोटिङका कारण निकै विवादित बनेकाले पनि आफूहरुले भोटिङ सिस्टम नै नराखेको बताए। विवादरहित शो बनाउनुका साथै जित्नै प्रतिभाले जितोस् भन्ने आफूहरुको उद्देश्य रहेको आयोजक संस्थाको दाबी छ।


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकरीका लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| S. N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Basic Rate | Vat 13 % | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | Konka | KRF170W/B | India | Pcs | NPR | 170 ltrs | 20,973.45 | 2,726.55 | 23,700.00 | |
| 2 | Refrigerator | Konka | KRF195W/B | India | Pcs | NPR | 195 ltrs | 23,451.33 | 3,048.67 | 26,500.00 | |
| 3 | Refrigerator | Konka | KRF215W/B | India | Pcs | NPR | 215 ltrs | 24,867.26 | 3232.74 | 28,100.00 | |

**बिक्रताको नाम : सौरभ फोटो इन्टरनेशनल ।**
**ठेगाना** : तिनकुने, सुविधानगर, काठमाडौं । **प्यान नं.**: ३०००५०२७१ । **फोन नं.**: ०१–४१११६३०



### साउदीमा रोजगार | कम्पनी : AWWAD MULTIAQ SHALASH AL-SHAMMARI CONTRACTING
शहर : SAUDI ARABIA HAIL

पुर्व स्वीकृत मितिः २०८०/०६/२६ चलानी नं.: ६०२०९१२८ L.T. No.: 293984

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office & Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कातिक ५ गते (22 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ASIAPOWER
Govt Lic No. 1198/073/074
Asiapower Recruitment Consultants Pvt. Ltd.
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com



### मलेसियामा रोजगार | कम्पनी : CHUAN WENG PLASTIC SDN. BHD.
शहरः Malaysia

पुर्व स्वीकृत मितिः २०७९/०७/२५ चलानी नं.: ६०१९१०२६ L.T. No.: 275337 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAPURA MACHINING CORPORATION SDN. BHD. शहरः Malaysia,SELANGOR

पुर्व स्वीकृत मितिः २०७९/०९/२४ चलानी नं.: ६०१९४५९१ L.T. No.: 279063 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कातिक ५ गते (22 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## विश्वकप क्रिकेट

# पाकिस्तानलाई हराउँदै भारत शीर्ष स्थानमा

काठमाडौं/मस- आईसीसी विश्वकप क्रिकेटमा भारतले पाकिस्तानलाई हराएको छ । अहमदाबादमा शनिबार भएको खेलमा भारतले पाकिस्तानलाई ७ विकेटले हराएको हो । पाकिस्तानले दिएको १ सय ९२ रनको सामान्य लक्ष्य पाकिस्तानले ३० दशमलव ३ ओभरमा मात्र ३ विकेट गुमाएर पुरा गर्‍यो ।

भारतको यो जारी विश्वकपमा लगातार तेस्रो जित हो । भारतले यसअघि पहिलो खेलमा अष्ट्रेलियालाई ६ विकेटले र दोस्रो खेलमा अफगानिस्तानलाई ८ विकेटले पराजित गरेको थियो ।

भारतका लागि कप्तान रोहित शर्माले सर्वाधिक ८६ रन बनाए । उनले ६३ बलमा समान ६-६ चौका र छक्काको मद्दतले ८६ रन बनाउँदै आउट भएक थिए । यस्तै श्रीयस अय्यर ५३ ताथ केएल राहुल १९ रनमा अविजित रहे । ओपनर शुभमन गील र विराट कोहलीले समान १६ रनको योगदान गरे । पाकिस्तानका लागि शाहिन शाह अफ्रिदिले दुई तथा हशन अलिले भारतको एक विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको पाकिस्तानले ४२.५ ओभरमा सबै विकेट गुमाएर १९१ रनमा रोकिन पुग्यो । पाकिस्तानका अब्दुल्लाह सफिक र इमाम उल हकले ओपनिङ गरेका थिए । पहिलो विकेटका लागि ८ ओभरमा ४१ रनको साझेदारी गरेपछि विकेट पतन सुरु भएको हो । अब्दुल्लाह सफिक २० रन बनाएर मोहम्मद सिराजको बलमा एलबीडब्ल्यू आउट भएका थिए । उनले २४ बल फेस गर्दा ३ चौका प्रहार गरे । त्यसपछि इमाम उल हक र कप्तान बाबर आजम मिलेर पाकिस्तानको पारि अघि बढाए । इमाम व्यक्तिगत ३६ रन बनाएर आउट हुँदा ३८ बल फेस गरेका थिए । उनले ६ चौका प्रहार गरे ।



उनी आउट हुँदा पाकिस्तानले १२.३ ओभरमा ७३ रन बनाएको थियो । बाबर आजम अर्धशतक पूरा गर्ने वित्तिकै मोहमद सिराजको बलमा आउट भए । चौथो विकेटको रुप्मा साउद सकेल ६ रन बनाएर आउट भए । उनी ३२.२ ओभरमा आउट भएका थिए । सोही ओभरको अन्तिम बलमा इफ्तिकर अहमद ४ रन बनाएर कुलदीप यादवले आउट गरेपछि पाकिस्तान दबाबमा आएको थियो ।

त्यसलगत्तैको ओभरमा मोहम्मद रिजवानलाई जसप्रित बुमराहले आउट गरेका थिए । रिजवान ४९ रन बनाएर आउट हुँदा पाकिस्तानले ३४ औं ओभरमा छैटौं विकेटकोरुपमा गुमाउन पुग्यो । सदाव खान २ रन बनाएर ३५।२ ओभरमा आउट भएपछि खेलमा भारत हावी भएको छ ।

आठौं विकेटको रुपमा मोहम्मद नवाज ४ रन बनाएर पभेलियन फर्किका थिए । नवौं विकेटको रुपमा टिमको स्कोर १८७ रन हुँदा ४०।१ ओभरमा १८७ रन हुँदा हसन अली १२ रन बनाएर आउट भएका थिए । अन्तिम विकेटको रुपमा ४२।२ ओभरमा हारिस रौफ २ रन बनाएर आउट भएका थिए । यस्तै शाहिन साह अफ्रिदी २ रनमा नटआउट रहे ।

भारतका जसप्रित बुमराह, मोहम्मद सिराज, हार्दिक पाण्ड्या, रविन्द्र जडेजा र कुलदीप यादवले समान दुई दुई विकेट लिए । भारतका सार्दुल ठाकुरमात्रै विकेटविहीन बने ।

भारतले तीन खेलमा लगातार जित निकाल्दै ६ अंक जोडेर तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । पाकिस्तान तेस्रो खेलमा आएर भारतसँग हारेको हो । उसको चार अंक छ ।

# कोटेश्वरलाई १२ स्वर्ण

**काठमाडौं/मस-** आयोजक कोटेश्वर तेक्वान्दो डोजाङले कोटेश्वर तेक्वान्दो डोजाङ तेक्वान्दो प्रतियोगितामा शनिबार सर्वाधिक १२ स्वर्ण जितेको छ । कोटेश्वरले थप ९ रजत र १४ कांस्य पनि जित्यो । विजयीदशमीको उपलक्ष्यमा आयोजित प्रतियोगितामा नेप्लिज तेक्वान्दो एकेडेमी १० स्वर्ण, ८ रजत र ७ कांस्यसाथ दोस्रो भयो । तेस्रो स्थानको सुन्दरीमाइले ७ स्वर्ण, ६ रजत र ७ कांस्य हात पार्‍यो । विजेतालाई ओलम्पियन तेक्वान्दोका विधान लामा, नेपालकी पहिलो महिला ब्लाक बेल्टधारी ब्रिगेडियर सुधासेन मल्ल, ओलम्पियन तेक्वान्दोका दीपक विष्ट, तेक्वान्दोका पूर्व मुख्य प्रशिक्षक ध्रुव गुरुङ, तेक्वान्दोका मुख्य प्रशिक्षक नवीन श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । एकदिने प्रतियोगितामा १३ टिमका २ सय ८७ खेलाडी सहभागी थिए ।




### अशोकलाई कोटेश्वर डोजाङको सम्मान

कोटेश्वर तेक्वान्दो डोजाङले नेपाली तेक्वान्दोमा योगदान पुर्‍याएको भन्दै कदर स्वरुप अशोक खड्कालाई शनिबार सम्मान गरेको छ ।

ओलम्पियन तेक्वान्दोका विधान लामा, नेपालकी पहिलो महिला ब्लाक बेल्टधारी ब्रिगेडियर सुधासेन मल्ल र तेक्वान्दोका मुख्य प्रशिक्षक नवीन श्रेष्ठले खड्कालाई कदर पत्र प्रदान गरी सम्मान गरे ।

थुप्रै अन्तर्राष्ट्रिय र्‍याङकिङ तेक्वान्दो च्याम्पियन्सिपमा निर्णायकको भूमिका निर्वाह गर्नुका साथै एक दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर देशको नाम राखेको र प्रशिक्षकको रुपमा थुप्रै तेक्वान्दो खेलाडी उत्पादन गरेकोले खड्कालाई सम्मान गरिएको हो ।

गत वर्ष विश्व तेक्वान्दोमा समेत निर्णायकको भुमिका निर्वाह गरिसकेका खड्काले हालसम्म दुई दर्जन भन्दा बढी अफिसियल अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भुमिका निर्वाह गरिसकेका छन् । बेल्जियम ओपन, स्विडिस ओपन, अस्ट्रेलियन ओपन जस्ता वर्ल्ड र्‍याङकिङ प्रतियोगितामा सर्वश्रेष्ठ निर्णायक घोषित भइसकेका खड्का पारा रेफ्री कोर्ष गर्ने कम नेपाली तेक्वान्दोकर्मी मध्ये एक हुन् ।

# उज्वेकिस्तानसँग नेपाल पराजित



**काठमाडौं/मस-** श्रीलंकामा जारी काभा पुरुष भलिबलमा नेपाल उज्वेकिस्तानसँग पराजित भएको छ । शनिबार भएको खेलमा नेपाल उज्वेकिस्तानसँग ३-० को सोझो सेटमा पारजित भएको हो । नेपाल उज्वेकिस्तानसँग २५-२२, २५-२० र २६-२४ ले पराजित भएको छ । नेपालको यो जारी प्रतियोगितामा तेस्रो पराजय हो ।

लिग चरणको पहिलो खेलमा बंगलादेशलाई हराएर शानदार सुरुआत गरेको नेपाल दोस्रो खेलमा आयोजक श्रीलंकासँग सोझो सेटमा हारेको थियो । तेस्रो सेटमा अफगानिस्तानलाई हराएको नेपाल चौथों खेलमा साउदी अरबसँग टक्करको खेलमा हारेको थियो । एसियन गेम्समा सहभागी भएर नेपाली भलिबल टिम काभा च्यालेन्ज खेल्न श्रीलंका गएको हो ।

# इचङगु टिम च्याम्पियन



**काठमाडौं/मस-** च्याम्पियन मार्सल आर्ट्स एकेडेमीद्वारा आयोजित एक दिने प्रथम च्याम्पियन मार्सल आर्ट एकेडेमी जुनियर कराते च्याम्पियनसिप शनिबार सम्पन्न भएको । प्रतियोगितामा १३ टिमका ३ सय खेलाडी सहभागी थिए । ११औं सागका स्वर्ण पदक विजेता च्याम्पियन मार्सल आर्ट्सका निर्देशक हाल अमेरिकामा बसोबास गर्दै आएका सुनिल लामाको विशेष सहयोग मा सम्पन्न प्रतियोगितामा पुरुष एकल कातातर्फ इचङगु डोजोका निरज बस्नेत प्रथम, महिला एकल कातामा इचङगुकै रेनिसा रिमाल प्रथम भए ।

महिला १५ केजीमा च्याम्पियन मार्सल आर्ट्सकी रोज्ली थापा प्रथम, २० केजीमा मनमैजु डोजोकी प्रस्ना ढकाल प्रथम, २५ केजीमा च्याम्पियन मार्सल आर्ट्सकी रसिका पुडासैनी प्रथम, ३० केजीमा मनकामना डोजोकी बिनिता कुवर प्रथम, ४५ केजीमा इचङगु डोजाकी सोनाम शेर्पा प्रथम, ५५ केजीमा च्याम्पियन मार्सल आर्ट्सकी निमा तामाङ प्रथम, ३० केजीमा मनकामना डोजोकी बिनिता कुँवर प्रथम, ३५ केजीमा मोदर स्कुलकी अलिशा गुरुङ प्रथम, खुल्ला तौलसमुहमा भिएस निकेतनकी युनिका राई प्रथम, ४० केजीमा मनकामना डोजोकी समिक्षा राना मगर प्रथम स्थानमा रहे ।

पुरुष २० केजीमा भिएस निकेतनका निश्चल खड्का प्रथम, २५ केजीमा मोदर स्कुलका गौरव सुवेदी प्रथम, ३० केजीमा मनकामना डोजोका डेबिड राना मगर प्रथम, ५५ केजीमा इचङगु डोजोका सबिर श्रेष्ठ प्रथम, ६० केजीमा च्याम्पियन डोजोका अनिल बराम प्रथम, ४५ केजीमा इचङगु डोजोका निराजन बस्नेत प्रथम, ३५ केजीमा मनमैजु डोजोका आयुश गजुरेल प्रथम बने ।

पुरुषमा निश्चल खड्का तथा महिलामा प्रस्ना ढकाल उत्कृष्ट खेलाडी घोषित भए । दुवैले जनही १५० डलर नगद पुरस्कार हात पारे । टिमतर्फ इचङगु डोजो, च्याम्पियन मार्सल आर्ट्स र मनकामना डोजो क्रमशः शीर्ष तीन स्थान हासिल गरेको १३ औं दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण विजेता करातेका मन्डेकाजी श्रेष्ठले जनाएका छन् ।

विजेतालाई नेपाल कराते महासंघका अध्यक्ष एवं राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव युवराज लामा, नेपाल सितोरियो कराते संघका अध्यक्ष दावा गुरुङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा खेल पत्रकार अजय फुयाललाई सम्मान गरिएको थियो ।

कार्यक्रम संयोजक शुशिला लामाले आगामी दिनमा खेलाडीको वृद्धि विकासका निम्ति विभिन्न प्रतियोगिताहरु गर्ने प्रतिबद्धता जनाइन् ।

# अल नेपाल अन्तर वडा टेबलटेनिस हुने

**काठमाडौं/मस-** स्पिन इभेन्ट प्रा.लि. को आयोजनामा तेस्रो अल नेपाल अन्तर वडा टेबलटेनिस प्रतियोगिता कात्तिक १ गतेदेखि हुने भएको छ । प्रतियोगितालाई खेल प्रेमी सुमन खड्गीले मुख्य प्रायोजन गर्ने भएका छन् ।




प्रतियोगितामा विभिन्न १० स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक स्पिनका सचिव ज्याकी महर्जनले जनाएका छन् । पुरुष/महिला सिंगल्स र टिम, यु-१६ ब्वाइज/गर्ल्स सिंगल्स, पुरुष भेट्रान ४० वर्षमाथि, ५० वर्षमाथि र ६० वर्षमाथि तथा महिला भेट्रान ४० वर्षमाथि सिंगल्समा खेल हुने छ । आयोजकका अनुसार प्रतियोगितामा करिब ४ सय ५० खेलाडीको सहभागिता रहने छ ।

टिम इभेन्ट बाहेक सबै स्पर्धामा नगद पुरस्कार राखिएको आयोजक स्पिनका अध्यक्ष सुमन शाक्यले जनाएका छन् । पुरुष/महिला सिंगल्समा शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमशः ३० हजार, १५ हजार र ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गर्ने छन् । बाँकीमा पहिलो हुनेले १० हजार, दोस्रोले ५ हजार र तेस्रोले २ हजार ५ सय नगद पुरस्कार हात पार्ने छन् ।

प्रतियोगिताको प्रायोजकमा ललितपुर महानगरपालिका, ललितपुर जिल्ला खेलकुद विकास समिति र गोदावरी नगरपालिका रहेका छन् । आधिकारिक बल पार्टनरमा डीएचएस तथा पोशाक पार्टनरमा गोर्खा एथलेटिक्स छन् । अखिल नेपाल टेबलटेनिस संघको तत्वावधानमा हुन लागेको प्रतियोगिता सञ्चालन गर्न करिब १५ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ । चारदिने प्रतियोगिताका खेलहरु सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा रहेको करातेको हलमा हुनेछ ।

# धावक मानन्धरलाई उज्ज्वल तारा खेल सम्मान प्रदान




**काठमाडौं/मस-** उज्ज्वल तारा स्कुल काँडाघारीले म्याराथुन धावक बैकुण्ठ मानन्धरलाई २५ हजार नगद राशीसहितको 'उज्ज्वल तारा खेल सम्मान–२०८०' प्रदान गरेको छ ।

विद्यालयले गत असोज ८ गते घोषणा गरेको १५ हजार ५५५ रुपैयाँको राशीमा अरु ९ हजार ४४५ रुपैयाँ थपेर २५ हजार रुपैयाँ सहितको सो सम्मान 'उज्ज्वल तारा दशैं रन फर गुड हेल्थ' को सातौं संस्करणको अवसरमा शनिबार धावक मान्धरलाई प्रदान गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष गायत्री कार्की, विद्यालयका सल्लाहकार एवम् नेपाली सेनाका महासेनानी विष्णु कार्की तथा कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीले धावक मानन्धरलाई २५ हजार नगद तथा सम्मानपत्रबाट सम्मान गरेका हुन् ।

सातौं संस्करणको 'उज्ज्वल तारा दशैं रन फर गुड हेल्थ' को शनिबार विहान धावक मानन्धरले उद्घाटन गरेका थिए भने वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्की तथा स्थानीय वडाध्यक्षहरु सहभागी थिए ।

विद्यालयले विगत ७ वर्षदेखि हरेक वर्ष ५ किलोमिटर दुरीको दौड आयोजना गर्दै आएको र यसलाई राष्ट्रियस्तरको दौडको रुपमा स्थापित गर्ने योजना रहेको दौडका संयोजक एवम् नेपाली सेनाका महासेनानी विष्णु कार्कीले बताए ।

करीव ७ सय धावकहरुको सहभागिता रहेको सो दौडमा पुरुष खुलातर्फ गजेन्द्र राई, अजित कुमार यादव र श्रीकेश राई तथा महिला खुलातर्फ निर्मला केसी, पदम कुमारी सुनुवार र स्वस्तिका तिन्वा पहिलो, दोस्रो र तेस्रो भई क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद सहित ट्रफि, पदक र प्रमाणपत्र पाए ।

यसैगरि अभिभावक पुरुषतर्फ सुनिल कार्की,प्रकाश थापा र प्रमोद लामिछाने तथा अभिभावक महिलातर्फ उमा खड्का, जमुना पौडेल र माया बस्नेत क्रमशः पहिलो, दोस्रो र तेस्रो भए ।

यसैगरि जेष्ठ नागरिक पुरुषतर्फ विक्रम महर्जन, कपिल भट्ट र सुर्य कटुवाल तथा महिलातर्फ कुमारी मगर, पार्वता ढकाल र गिता खतिवडा क्रमशः पहिलो, दोस्रो र तेस्रो भए ।

त्यसैगरि युगल जोडीतर्फ गोविन्द र कविता कार्कीको जोडी पहिलो, गोपाल चौलागाई र सावित्री शर्माको जोडी दोस्रो तथा अनिल र मुना कार्की तथा श्याम र सानु घजुको जोडी तेस्रो भएका थिए ।

दौडका विजेताहरुलाई विधा अनुसार नगद, ट्रफि, पदक र प्रमाणपत्रको साथै पोखरा, चितवन, नुवाकोट र भक्तपुरका होटेलहरुमा खानेबस्ने सुविधा सहितको उपहार दिइएको थियो भने विभिन्न अस्पताल, स्विमिङ्ग पुल, नृत्य र फिटनेश केन्द्र लगायतले उपहार दिएका थिए ।

दौडमा सहभागी हुन सहभागीहरुबाट नाम दर्ता शुल्क वापत संकलन गरिएको सबै रकम वरिष्ठ मुटुरोग विशेषज्ञ डा.भगवान कोइरालाले स्थापना गर्न लागेको गैरनाफामूलक 'बाल मुटुरोग अस्पताल'लाई हस्तान्तरण गरिने दौडका संयोजक महासेनानी कार्कीले बताएका छन् ।

# सितोरियो करातेतर्फ दिक्तेल डोजो पहिलो

खोटाङ/रासस- दिक्तेलमा आयोजना गरिएको १५औं जिल्लास्तरीय सितोरियो कराते प्रतियोगितामा ४७ पदकसहित दिक्तेल डोजो पहिलो भएको छ । नेपाल सितोरियो कराते संघ खोटाङले दिक्तेलस्थित माटिकोरेस्थित बहुउद्देश्यीय कभर्ड हलमा आयोजना गरेको सो प्रतियोगितामा दिक्तेल डोजोले १५ स्वर्ण, १३ रजत र १९ कास्य पदक प्राप्त गरेको हो ।

तीन स्वर्ण, तीन रजत र सात कास्यसहित हलेसी डोजो दोस्रो तथा दुई रजत र पाँच कास्यसहित च्यास्मिडार डोजो तेसो भएको संघका अध्यक्ष मिलन कसजूले जानकारी दिए । धितुङ डोजो दुई कास्य पदकसहित चौथो भयो । दिक्तेल डोजोका लागि सिबिहाङ राई, जिताहाङ राई, सुसम राई, शिशिर राई, प्रणयविक्रम राई, सोनाम राई, सन्देश राई विकास आचार्य, सरगम राई, सोमिया राई, समीक्षा राई, आयुश्मा राई, स्मृति राई, सुशीला राई र मुना श्रेष्ठले आ-आफ्नो तौल समूहमा स्वर्ण पदक जिते ।

यस्तै हलेसी डोजोका लागि सुनिल परियार, थर्डसन राई, डोमन राई, ओलिसा राई र रोजिना शंकरले आ-आफ्नो तौल समूहमा स्वर्ण जिते ।

च्यास्मिटार डोजोका लागि सङ्गम राई र अनुप राईले रजत तथा अर्बिन राई, सन्देश राई, मिलन राई, दिक्षा राई र प्रयुसा राईले कास्य पदक प्राप्त गरे । धितुङ डोजोका मनिता दर्नाल र युकेश राईले कास्य पदक प्राप्त गरे । पुरुष एकल कातामा दिक्तेलका अभिशेक राईले स्वर्ण, सोनाम राईले रजत तथा विकास आचार्य र आयुस भुजेलले कास्य पदक पाए ।

महिला एकल कातामा दिक्तेल डोजोकै सोमिया राईले स्वर्ण, अनिशा राईले रजत तथा विसुका राई र करुणा राईले कास्य पदक पाए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०६/२८**

**नमस्ते सप्लायर्स प्रा.लि.** को मिति २०८०/०४/०५ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नमस्ते मल्टी बिजनेश हब प्रा.लि. (प्रा.लि. नं.: १३२३५९)** कायम गर्ने गरी मिति २०८०/०६/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२८**

**आजु बिल्डर्स प्रा.लि.** को मिति २०८०/०५/०५ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मण्डला इन्क प्रा.लि. (प्रा.लि. नं.: २७९३५९)** कायम गर्ने गरी मिति २०८०/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगार** | **कम्पनी** : Horizon Cleaning Service and Waste Management
**शहर** : DOHA

**पूर्व स्वीकृत मितिः २०८०/०६/२६** **चलानी नं.: ६०२०९१२९** LT. No.: 294010

| सि.न. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | स. काममा दक्ष | 1000 | ३६,४४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कात्तिक ५ गते (22 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९००/०६७/०६८

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, ४५७१४७१
**Email:** skywaygaushala@gmail.com, **Web:** www.skywaynepal.com

# माथिल्लो अरुणका लागि एक खर्ब ३० अर्ब सहुलियत ऋण दिन विश्व बैंक सकारात्मक

**काठमाडौं/रासस -** माथिल्लो अरुण जलविद्युत् आयोजनाका लागि एक खर्ब ३० अर्ब बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउन विश्व बैंकले सकारात्मक जवाफ दिएको छ। विश्व बैंकको वार्षिक बैठकमा भाग लिने सिलसिलामा मोरक्कोका मराकेसमा रहेका अर्थमन्त्रीसँग शनिबार बैंकका पदाधिकारीहरुसँग भएको भेटमा बैंकले रणनीतिक महत्वको सो आयोजनाका निम्ति सहुलियतपूर्ण कर्जा दिने संकेत गरेको अर्थ मन्त्रालयले जनाएको छ।




उक्त बैंकबाट सहुलियतपूर्ण ऋण लिने सम्बन्धमा आगामी साता उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले वासिङ्टनमा प्राविधिक एवं वित्तीय विषयमा केन्द्रित रहेर छलफल गर्ने तयारी गरेको मन्त्रालयले बताएको छ। त्यसैगरी, सहुलियतपूर्ण ऋण उपलब्ध गराउने संरचना अन्तर्राष्ट्रिय विकास सहायता (आइडिए)को २१औं बैठक नेपालमा आयोजना गर्न अर्थमन्त्रीले गरेको प्रस्तावप्रति विश्व बैंकले सकारात्मक जवाफ दिएको छ।

विश्व बैंक दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर र विकास वित्ततर्फका उपाध्यक्ष आकिहिको निसिओसँगको समीक्षा बैठकमा उनीहरुले नेपालको प्रस्तावप्रति सकारात्मक जवाफ दिएका हुन्। गत वर्ष नौ दशमलव दुई प्रतिशतमात्र प्रवाह भएको कर्जाको परिमाण बढाउन मन्त्री महतले जोड दिएका थिए। बैठकमा नयाँ आयोजना निर्माण तथा ठेक्का प्रक्रिया र धेरै क्षेत्रमा छरिएका आयोजनाको एकीकरणबारे पनि उनीहरुबीच छलफल भएको अर्थ मन्त्रालयले जनाएको छ।

यसैगरी, तीन सय मिलियन अमेरिकी डलर अर्थात् ३९ अर्ब बराबरको बजेटरी सहायता चालु आर्थिक वर्षभित्र परिचालन गर्ने गरी तयारी गर्न दुवै पक्षबीच सहमति भएको छ। सहमतिअनुसार सार्वजनिक वित्त, वित्तीय क्षेत्र समावेशी विकासका साथै नीतिगत सुधारका काम कार्यान्वयन गरिनेछ। यसैगरी, भौतिक पूर्वाधारका क्षेत्रमा अर्थमन्त्रीले कार्यक्रमगत सहायताको नयाँ ढाँचामा सहायता परिचालन गर्न अनुरोध गरेका छन्। उक्त ढाँचाअन्तर्गत स-साना आयोजना कार्यान्वयनका लागि नेपालको आफ्नै सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणका मापदण्डलाई आधार मानेर लगानी सुनिश्चित गरिनेछ।

बैठकमा अर्थसचिव कृष्णहरि पुष्कर र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख श्रीकृष्ण नेपाललगायत उपस्थित थिए।

# गरिमाको डेबिट र क्रेडिट कार्डमा २० प्रतिशत क्यासब्याक

**काठमाडौं/मस –** नेपालीहरूको महान् चाड बडादशैंलाई लक्ष्य गरी गरिमा विकास बैंक लिमिटेडले आफ्ना ग्राहकका लागि कुनै पनि सामान खरिद गरी विकास बैंकको डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम २ सय नगद फिर्ता योजना सार्वजनिक गरेको छ। यस योजनाअन्तर्गत बैंकको डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताले विकास बैंकको एउटा कार्डबाट अधिकतम २ सयसम्म नगद फिर्ता पाउन सक्नेछन्।

नगदरहित कारोबारलाई प्रोत्साहन एवं प्रवर्द्धन हेतु सार्वजनिक गरिएको यस योजनाको अवधि २८ असोज २०८० देखि ७ कात्तिक ०८० सम्म छ। साथै, गरिमा विकास बैंकले आफ्ना ग्राहकको दशैं किनमेललाई थप सहजीकरण गर्दै क्रेडिट कार्डमा किस्ताबन्दीको सुरुवात पनि गरिसकेको छ। हाल, गरिमा विकास बैंकले देशभर १२२ शाखा कार्यालय तथा ५० एटिएम एवं विभिन्न डिजिटल बैकिङमार्फत् सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आएको छ।




# ग्लोबल आइएमई बैंकले डिजिटल कारोबारमा छुट दिने

**काठमाडौं/मस –** ग्लोबल आइएमई बैंकले बडा दशैंको अवसरमा 'ग्लोबल आइएमई बैंकको साथमा दशैं रमाईलो' भन्ने नारा सहित विभिन्न डिजिटल कारोबारहरुमा छुट तथा क्यासब्याक योजनाहरु सार्वजनिक गरेको छ। बैंकको डेबिट तथा क्रेडिट कार्ड बाहक महानुभावहरुले आफुलाई आवश्यक सरसामानहरु खरिद गर्दा बैंकको कार्ड प्रयोग गरी पोओएस मेसिनबाट भुक्तानी गर्दा ३ सयदेखी ५ सय रुपैयाँसम्मको नगद फिर्ता हुनेछ।




नगद फिर्ता योजना मार्फत् बैंकको डेबिट तथा क्रेडिट कार्ड भएका ग्राहकले उक्त योजना अवधिभर कम्तीमा एक हजारको तीन वटा कारोबार गरेमा तीन सय तथा पाँच वा सोभन्दा बढी कारोबार गरेरमा पाँच सय नगद फिर्ता हुने बैंकले जनाएको छ।

असोज २८ घटस्थापनाको दिनदेखि कात्तिक ७ गते बडा दशैंको दिन सम्म लागू हुनेछ। साथै, बैंकले आफ्नो मोबाईल बैंकिङ प्रयोगकर्तालाई लक्षित गरी छुट योजना पनि सार्वजनिक गरेको छ। उक्त योजना अन्तर्गत बैंकका मोबाईल बैंकिङ प्रयोगकर्ताले आफुलाई आवश्यक सरसमानहरु खरिद गर्दा क्यूआर कोड स्क्यान मार्फत भुक्तानी गर्दा दशैं प्रोमो कोड प्रयोग गरी खरिद मूल्यमा १० प्रतिशत वा अधिकतम तीन सय रुपैयाँसम्म नगद छुट पाउनेछन्। उक्त योजना आइतबारदेखि टिकाको दिनसम्म लागू हुनेछ।



















प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**